वर्ष २० | अंक १०५ | काठमाडौं | शुक्रवार, २६ पुस २०८१ | Friday, 10 January 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक



बागमती सफाइ अभियानमा महानगरले सघाउने २

नेपाल एसबिआई बैंकद्वारा दोलखामा सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन ३

अवैध निकासीले दुखाएको व्यापार सम्बन्ध ४

रोटरी क्लब अफ त्रिपुरेश्वरको २२औं वर्ष पूरा ८

घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८

# माघ १ गतेदेखि बैंक खाता खोल्न राष्ट्रिय परिचयपत्र अनिवार्य

- सम्पत्ति शुद्धीकरण निवारणका व्यवस्थामा थप कडाइ
- बैंकले ग्राहकको मोबाइल नम्बर यकिन गर्नुपर्ने
- भ्रष्टाचार, कर छली, मानव बेचबिखन जोखिमयुक्त कसुर
- क्यासिनो, बहुमूल्य धातु, घरजग्गा र सहकारीका खाता उच्च निगरानीमा

**अभियान संवाददाता**

काठमाडौं

अर्को हप्तादेखि बैंक, वित्तीय संस्थामा खाता खोल्न राष्ट्रिय परिचयपत्र अनिवार्य भएको छ । नेपाल राष्ट्र बैंकले बिहीवार बैंक, वित्तीय संस्थाहरूका लागि निर्देशन जारी गर्दै माघ १ गतेदेखि खाता खोल्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको हो ।

'बैंक तथा वित्तीय संस्थाले २०८१ माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकिन गरी अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ,' राष्ट्र बैंकको निर्देशनमा भनिएको छ । उच्च पदस्थ व्यक्तिको हकमा हाल कायम रहेका खातामा २०८१ माघ १ सम्ममा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । सामाजिक सुरक्षा लगायत सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बद्ध सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा खाता खोल्न सकिने तर उक्त खाताबाट रकम झिक्नुअघि निर्देशनबमोजिम ग्राहक पहिचान गर्न सकिने व्यवस्था निर्देशनमा छ ।

सम्पत्ति शुद्धीकरण निवारणमा नेपालले गरेको कामको समीक्षा गर्ने मिति नजिकिँदै गएपछि केन्द्रीय बैंकले बिहीवार एकीकृत निर्देशन, २०८० संशोधनमार्फत बैंकमा खाता खोल्ने, ग्राहकको पहिचान गर्नेलगायत व्यवस्थाहरूलाई कसिलो बनाएको हो ।

गत कात्तिकमा संशोधन भएको सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०८१ मा सूचक संस्थाहरूले ग्राहक पहिचानका लागि सरकारले नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र जारी गर्दा राखेको विद्युतीय अभिलेख प्रयोग गर्न सक्ने व्यवस्था गरेको थियो । यो व्यवस्थाले बैंक, वित्तीय संस्थाले ग्राहकको पहिचानका लागि नागरिकता र राष्ट्रिय परिचयपत्रको विवरण प्रयोग गर्न सक्ने बाटो खुलेपछि केन्द्रीय बैंकले निर्देशन जारी गरेको हो ।

निर्देशनमा ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणका आधारमा ग्राहकको पहिचान गर्न सक्ने व्यवस्था गरिएको छ । यसैगरी खाता खोल्दा ग्राहकले उपलब्ध गराउने मोबाइल नम्बर सम्बद्ध व्यक्तिकै भएको यकिन गर्ने बैंक, वित्तीय संस्थालाई निर्देश गरिएको छ ।

निर्देशनमा गृह मन्त्रालयले उपलब्ध गराएको व्यक्ति, समूह वा संगठन र सम्बद्ध कुनै व्यक्तिसँग आफ्नो कारोबार भए/नभएको नियमित रूपमा यकिन हुने अद्यावधिक प्रणाली स्थापना गर्नुपर्ने र त्यस्ता जानकारी भएमा खाता, लकर वा अन्य कुनै रकम तत्काल रोक्का राखी राष्ट्र बैंकको सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखालाई ३ दिनभित्र जानकारी गराउनुपर्ने तथा एक प्रति वित्तीय जानकारी एकाइलाई समेत उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।

बैंकहरूले उच्च पदस्थ ग्राहकलाई पनि पदमा बहाल रहेका, पदमा बहाल नरहेका, छिमेकी वा नजिकका मुलुकको विदेशी उच्च पदस्थ व्यक्ति, अन्य विदेशी उच्च पदस्थ व्यक्ति र अन्तरराष्ट्रिय संस्थाको उच्च पदस्थ व्यक्तिमा वर्गीकरण गर्नुपर्ने भएको छ । यस्तै उच्च पदस्थ व्यक्तिको अभिलेख पदबाट अवकाश वा मुक्त भएको मितिले कम्तीमा १० वर्षसम्म राख्नुपर्ने निर्देशनमा व्यवस्था छ । यसअघि यस्तो अभिलेख ५ वर्षसम्म मात्र सुरक्षित राख्नुपर्ने व्यवस्था थियो ।

ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा भ्रष्टाचार, कर छली, मानव बेचबिखन एवं अन्य जोखिमयुक्त कसुरहरू र क्यासिनो वा इन्टरनेट क्यासिनो, बहुमूल्य धातु, घरजग्गा व्यवसायी तथा सहकारीहरूको खाता र आबद्ध व्यक्तिहरूको पहिचान र निजहरूको कारोबारलाई प्राथमिकतामा राखी अनुगमन गर्नुपर्ने व्यवस्था गरिएको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी क्षेत्रीय संस्था एशिया प्यासिफिक ग्रूप (एपीजी) ले गतवर्ष सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारेको पारस्पारिक मूल्यांकन प्रतिवेदनका आधारमा जोखिमयुक्त क्षेत्र तोकेको हो ।

यस्ता व्यक्तिगत बचत खातालाई व्यावसायिक कारोबारको माध्यम बनाइएको पाइएमा शंकास्पद कारोबारका रूपमा त्यसको जानकारी वित्तीय जानकारी एकाइलाई दिनुपर्ने निर्देशन गरिएको छ । कात्तिकमा सम्पत्ति शुद्धीकरण नियमावली संशोधन गरी बैंक, वित्तीय संस्थामा रहेको व्यक्तिगत बचत खाताबाट व्यावसायिक कारोबार गर्नेहरू सम्पत्ति शुद्धीकरणको अनुसन्धानको दायरामा समेटिने व्यवस्था राखेको थियो ।

एशिया प्यासिफिक ग्रूप (एपीजी) ले सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे गरेको पारस्परिक मूल्यांकनमा देखिएका कैफियत सुधार गर्न फाइनान्सियल एक्शन टास्क फोर्स (एफएटीएफ) ले नेपाललाई १ वर्षको समय दिएको थियो । यही महीनामा नेपालले गरेको प्रगतिको समीक्षा हुने भएपछि दबाबमा परेको सरकारले हतारहतार ऐन कानूनमा सुधार गरिरहेको छ । गत सातामात्र सरकारले अध्यादेशबाट सहकारी ऐन र राष्ट्र बैंक ऐन संशोधन गरी सहकारीको नियमनलाई कडाइ गर्न लागेको संकेत दिन खोजेको छ ।

यी सुधार नहुँदा एफएटीएफले सम्पत्ति शुद्धीकरण मामिलामा खैरो सूची (ग्रे लिस्ट)मा राख्न सक्ने भएकाले नेपालले केही कदम तत्काल चाल्न लागेको हो । यो सूचीमा पर्दा अन्तरराष्ट्रिय वित्तीय कारोबारमा अप्ठ्यारो आउने र विदेशी सहयोग तथा लगानी विकर्षित हुन सक्ने हुँदा नेपाल पुनः यो सूचीमा पर्न चाहँदैन । संस्थागत तथा कानूनी सुधार गरेपछि नेपाल सन् २०१४ मा नेपाल सम्पत्ति शुद्धीकरणको खैरो सूचीबाट हटेको थियो ।

ऊर्जा विकास मार्गचित्र २०८१

# साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्न ६४ खर्ब रूपैयाँ चाहिने

## वर्षमा २ खर्ब पूँजीगत खर्च गरिरहेको सरकारलाई लगानी जुटाउनु चुनौतीपूर्ण

**प्रशान्त खड्का**

काठमाडौं

सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य प्राप्त गर्न ४६ अर्ब ५० करोड अमेरिकी डलर (६४ खर्ब रुपैयाँ लगानी जुटाउनुपर्ने आवश्यकता औंल्याएको छ । तर, वर्षमा २ खर्ब रुपैयाँ बराबरको मात्र जम्मा पूँजीगत खर्च गरिरहेको सरकारलाई उक्त पूँजी जुटाउन चुनौतीपूर्ण हुने सरकारी अधिकारीहरू नै स्वीकार्छन् ।

ऊर्जाक्षेत्रमा स्वदेशी निजीक्षेत्रको लगानी बढिरहे पनि सरकारी र वैदेशिक लगानी सीमित छ । बिहीवार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको ऊर्जा विकास मार्गचित्र २०८१ मा उक्त लगानी आवश्यक हुने जनाइएको छ । मार्गचित्र सार्वजनिक गर्दै ऊर्जामन्त्री दीपक खड्काले लगानी व्यवस्थापन सबैभन्दा चुनौतीपूर्ण रहेको तर असम्भव नरहेको बताए ।

'यो लक्ष्य प्राप्त गर्न मन्त्रालय वैज्ञानिक ढंगले अघि बढेकाले लक्ष्यमा पुग्न अप्ठ्यारो छैन । हामीले सम्बद्ध सबै आन्तरिक र बाह्य निजीक्षेत्रसहित आन्तरिक रूपमा विभिन्न बैंक तथा वित्तीय संस्था, बैंकर एशोसिएशन, राष्ट्र बैंकलगायत अर्थ मन्त्रालयसँग पनि लगानीको क्षमता र मोडालिटीबारे छलफल गरिरहेका छौं,' उनले भने । ऊर्जा मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारीले उत्पादन र लगानीको लक्ष्य दुवै महत्त्वाकांक्षी रहेको स्वीकारे । 'हामीलाई आवश्यक पर्ने लगानी र उत्पादन गर्ने भनिएको विद्युत्को परिमाण प्राप्त गर्न नसकिने हो कि भन्ने खालका द्विविधा र प्रश्नहरू छन्,' उनले भने, 'तर, यस्ता दीर्घकालीन योजनाहरू महत्त्वाकांक्षी हुनैपर्छ । लक्ष्य असम्भव नै भने होइन ।'

मार्गचित्रमा कुन क्षेत्रबाट कसरी लगानी व्यवस्थापन गर्ने भनेर लक्ष्यहरू पनि तोकिएको छ । उक्त लगानीको व्यवस्था गर्न सरकार, निजीक्षेत्र, सर्वसाधारण र वैदेशिक लगानीका साथै गैरआवासीय नेपाली तथा वैदेशिक रोजगारीमा रहेका नेपालीको पूँजीलाई ऊर्जाक्षेत्रमा परिचालन गरिने मार्गचित्रमा उल्लेख छ । त्यसअनुसार ६ अर्ब अमेरिकी डलर नेपाल सरकारबाट र १० अर्ब अमेरिकी डलर आन्तरिक स्रोत (निजीक्षेत्र र बैंक तथा वितीय संस्था) मार्फत जुटाउनु पर्नेछ । त्यसैगरी २ अर्ब डलर क्लाइमेट फाइनान्सिङबाट, १२ अर्ब डलर विदेशमा बस्ने नेपालीमार्फत र वैदेशिक लगानी वा अनुदान वा ऋणमार्फत साढे ८ अर्ब अमेरिकी डलर स्रोत जुटाउनु पर्नेछ ।

» बाँकी पृष्ठ ५ मा

### वित्तीय स्रोतको उपलब्धतासम्बन्धी तालिका

| वित्तीय स्रोत | अनुमानित रकम (अमेरिकी डलर) |
|---|---|
| नेपाल सरकारको लगानी | ६ अर्ब |
| आन्तरिक स्रोत (निजीक्षेत्र, बैंक तथा वित्तीय संस्था) | १० अर्ब |
| नेपाल विद्युत् प्राधिकरण | ८ अर्ब |
| क्लाइमेट फाइनान्सिङ | २ अर्ब |
| गैरआवासीय नेपाली तथा वैदेशिक रोजगारीमा रहेका नेपाली | १२ अर्ब |
| वैदेशिक लगानी, अनुदान तथा ऋण | ८.५ अर्ब |
| कुल लगानी व्यवस्थापन | ४६.५ अर्ब |

*स्रोत : ऊर्जा विकास मार्गचित्र २०८१*

| शीर्षक | अनुमाति लागत (अमेरिकी डलर) |
|---|---|
| विद्युत् उत्पादन आयोजनातर्फको लागत | ३९.७ अर्ब |
| प्रसारण लाइन तथा सबस्टेशन निर्माणतर्फको लागत | ५.६ अर्ब |
| वितरण प्रणालीतर्फको लागत | १.२ अर्ब |

*स्रोत : ऊर्जा विकास मार्गचित्र २०८१*

नेपाल–भारत वाणिज्य सचिवस्तरीय बैठक

# व्यापार तथा पारवहन सन्धि संशोधन नेपालको एजेन्डा

## चामल, गहुँ, फलफूल, तरकारी, काठ, रेजिन, माछा तथा धातु आयातमा भन्साररहित लगायत सुविधामा पुनर्विचार आवश्यक रहेको नेपाल–भारत उद्योग वाणिज्य संघको भनाइ

**अभियान संवाददाता**

काठमाडौं

नेपाल र भारतबीच वाणिज्य सचिवस्तरीय संयन्त्रको बैठक शुक्रवार शुरू हुन लाग्दा नेपालले व्यापार तथा पारवहन सन्धिमा केही बुँदा संशोधनका लागि भारतीय पक्षलाई आग्रह गर्ने बताएको छ । खासगरी नेपालले व्यापार सन्धिमा भारतलाई कृषि वस्तुमा दिइरहेको भन्साररहित प्रवेशको सुविधामा समीक्षा र नेपाली वस्तुको निर्यातमा लागिरहेको परिमाणात्मक बन्देज फुकुवा गराउन चाहेको छ ।


सरकारी अधिकारीहरूका अनुसार पारस्परिक रूपमा भारतीय कृषि उत्पादनलाई विनाभन्सार नेपाली बजारमा प्रवेश दिँदा सस्ता भारतीय वस्तु आयात भई नेपाली कृषि उत्पादनले बजार नपाएकाले यसमा पुनर्विचार हुनुपर्ने प्रस्ताव नेपालले राख्न खोजेको हो ।

'नेपाली कृषि उत्पादनलाई प्रतिस्पर्धी बनाउन भारतीय कृषि उत्पादलाई भन्साररहित सुविधामा पुनर्विचार खोजेका हौं,' उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले बताए । गत आर्थिक वर्ष (आव) २०८०/८१ मा करीब २ खर्ब रुपैयाँ बराबरको कृषि वस्तु नेपालले भारतबाट आयात गरेको व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रले जानकारी दिएको छ । हुन त नेपालले ५ वा ९ प्रतिशत कृषि सुधार शुल्क भारतीय कृषि वस्तुमा लगाउँदै आएको छ तर त्यतिले सस्तो भारतीय कृषि वस्तुसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसकेको स्थिति छ । नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की) ले हालै सरकारलाई सुझावको सूची हस्तान्तरण गर्दै चामल, गहुँ, फलफूल, तरकारी, काठ, रेजिन, माछा तथा धातु भारतबाट आयात गर्दा नेपालले दिइरहेको पारस्परिक भन्साररहित सुविधा हटाउन आग्रह गरेको थियो । यो व्यवस्था हटाए नेपाली कृषि वस्तुलाई प्रतिस्पर्धी बन्ने वातावरण सृजना हुने निक्कीको भनाइ छ ।

सन् २००२ मा सन्धि नवीकरण हुँदा पारस्परिक भन्साररहित सुविधा दिनुपर्ने व्यवस्था र ३० प्रतिशत मूल्य अभिवृद्धि कायम गर्नुपर्ने प्रावधानका कारण भारतसँग नेपालको व्यापारघाटा बढ्दै गएको निक्कीले बताएको छ । त्यसैगरी नेपालले भारतले चार वस्तुमा लगाइरहेको परिमाणात्मक बन्देज हटाउन पनि अनुरोध गर्नेछ । व्यापार सन्धिअनुसार वनस्पति घिउ, तामाका वस्तु, जिंक अक्साइड र एक्रेलिक यार्नमा सन् २००२ देखि परिमाणात्मक बन्देज छ । वनस्पति घिउ १ लाख टन, यार्न १० हजार टन, तामाका भाँडा १० हजार टन र जिंक अक्साइड २ हजार ५०० टनसम्म मात्र नेपालले भारत निर्यात गर्न सक्छ । 'भारतजस्तो ठूलो र बढ्दो अर्थतन्त्रमा यी वस्तुको केही बढी निर्यात हुँदा खासै फरक नपर्ने भएकाले २ दशकअघि लगाइएको परिमाणात्मक बन्देज हटाउन आग्रह गरिनेछ,' अधिकारीले भने ।

» बाँकी पृष्ठ ५ मा

नेप्से परिसूचक






सुन (तोला)





अमेरिकी डलर





# झन्डै ३ महीनापछि रवि लामिछाने हिरासतमुक्त

**विजय दमासे**

काठमाडौं

पक्राउ परेको ८४ दिनपछि पूर्वउपप्रधान र गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने हिरासतमुक्त भएका छन् ।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पक्राउ परेका रवि सहित सात जनालाई धरौटीमा रिहा गर्न कास्की जिल्ला अदालतका न्यायाधीश नितिज राईको इजलासले बिहीवार आदेश दिएको थियो । सोलगत्तै धरौटी बुझाएर उनी रिहा भएका हुन् ।

राईको इजलाशमा पुस ८ गतेदेखि थुनछेकको बहस अगाडि बढेको थियो । बिहीवार थुनछेक बहस सकिएपछि न्यायाधीशले लामिछानेलाई बोल्न समय दिएका थिए । त्यस क्रममा लामिछानेले आफूलाई थुनाबाहिरै बसेर मुद्दा लड्ने अवसर दिन माग गरेको विवरण आएका थिए । छविलाई प्रहरीले असोज ६ गते पक्राउ गरेको थियो । लामिछाने कात्तिक २ गते पक्राउ परेका थिए । उनीहरू दुवै जनालाई काठमाडौंबाटै पक्राउ गरेर जिल्ला प्रहरी कार्यालय कास्की लगिएको थियो ।

### कसलाई कति धरौटी ?


- रवि लामिछाने रू. ६५ लाख
- छविलाल जोशी रू. ८८ लाख
- लीला पछाईं रू. ३७ लाख
- रामबहादुर खनाल रू.१५ लाख
- मीना गुरूङ रू. ५ लाख
- कृष्णबहादुर गुरूङ रू.१ लाख
- आरती गुरूङ रू. ५ लाख

*स्रोत : जिल्ला अदालत कास्की*

छविलाई पक्राउ गरेपछि कास्की प्रहरीले अन्य प्रतिवादीहरूलाई पनि पक्राउ गरेको हो । प्रतिवादी बनाइएकामध्ये अधिकांश फरार छन् । आदेशका क्रममा सातै जना प्रतिवादीलाई अदालतमा उपस्थित गराइएको थियो । उनीहरूको थुनछेक बहस पुस १६ गते शुरू भएको थियो । पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । लामिछानेसहित १९ जनाविरुद्ध संगठित अपराधमा पनि मुद्दा चलाइएको छ । लामिछानेसँगै खनाल, जोशी र पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पनि मुद्दा चलाइएको छ । जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले सूर्यदर्शन सहकारीको रकम अपचलनमा ३ करोड ३७ लाख ६५ हजार रुपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ । यस्तै, सम्पत्ति शुद्धीकरणतर्फ २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ रकम बिगो दाबी गरिएको छ ।

काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको बचत अपचलनमा जिल्ला सरकारी वकिलको कार्यालयले लामिछानेसहितलाई विपक्षी बनाएर काठमाडौं जिल्ला अदालतमा पनि मुद्दा दायर गरेको छ । लामिछाने शुक्रवार काठमाडौं जिल्ला अदालतमा उपस्थित हुने बताइएको छ । कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा गत आइतवार ३९ जनालाई प्रतिवादी बनाउँदै सहकारी ठगी र संगठित अपराधको कसुरमा मुद्दा दायर भएको थियो । यो सहकारीले ६९० बचतकर्ताको १ अर्ब १९ करोड ३० लाख ९० हजार ४९३ रुपैयाँ हिनामिना गरेको आरोप छ ।

» बाँकी पृष्ठ ५ मा



## नयाँ छात्रावास भवन निर्माण गर्दै पोखरा विश्वविद्यालय

पोखरा । पोखरा विश्वविद्यालयले नयाँ छात्रावास बनाउने तयारी शुरू गरेको छ । पोखरा महानगरपालिका-३०, खुदी, ढुङ्गेपाटनस्थित पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको दक्षिणतर्फ रहेको १२ रोपनी क्षेत्रफलमा छात्रावास निर्माण गर्ने तयारी थालिएको हो ।

नयाँ छात्रावास भवन एक सय विद्यार्थी क्षमताको पाँचतले हुने र पहिलो तल्ला शिक्षण अस्पतालमा कार्यरत रेसिडेन्ट नर्सहरूको आवासका रूपमा प्रयोग गर्ने योजना रहेको विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले बताए । विश्वविद्यालयले नयाँ छात्रावास भवन निर्माण अघि बढाउँदै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने सम्बन्धमा पेस कन्सल्टेन्ट प्रालिसँग ठेक्का सम्झौता भएको उनले जानकारी दिए ।

पोखरा विश्वविद्यालयको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. दीपकबहादुर भण्डारी र पेस कन्सल्टेन्टका प्रबन्ध निर्देशक इञ्जिनियर विष्णुप्रसाद खनालले उपकुलपति प्रा.डा. वेदराज केसीको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर गरेको सूचना अधिकारी ढकालले जानकारी दिए । सम्झौताअनुसार छात्रावास भवनको डिजाइन फागुनभित्र तयार पार्ने जनाइएको छ । *रासस*

**भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना**

प्रकाशित मिति: २०८१/०९/२६ गते अभियान राष्ट्रिय दैनिक

यस भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणीले सवारी साधन खरिद प्रयोजनार्थ लिनु भएको कर्जाको यस कम्पनीसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तथा बिभिन्न माध्यम बाट तारताकेता गरिएको तथा मिति २०८०/०३/२१ गतेको आर्थिक राष्ट्रिय दैनिक, २०८०/०५/३१ गतेको आर्थिक राष्ट्रिय दैनिक र २०८१/०४/८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कम्पनीसंग गरेको कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले कम्पनी वा कम्पनीले सुझाएको बैंक को नाममा नामसारी भएको वा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जुन अवस्थामा छ, सोही अवस्थामा बैंक वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी कम्पनीको नियमानुसार तल उल्लेखित विवरण भएको धितो लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले कम्पनीबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता /बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिहरुलाई सुचित गरिन्छ । साथै धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रिबाट असुल उपर हुन नसकेमा, कानुन बमोजिम तथा कम्पनीको नियमानुसार ऋणीहरु र ब्यक्तिगत तथा संस्थागत जमानीकर्ताहरुको घरधरानाबाट समेत असुल उपर गर्न असुली प्रकृया अगाडी बढाइने तथा सबैलाई **कर्जा सूचना केन्द्रको कालो सुचिमा** नाम समावेस गर्न पठाईने ब्यहोरा समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

**तपसिल**

| सिं.नं. | ऋणीको विवरण | | |
|---|---|---|---|
| १. | नेपाल सरकार, बाणिज्य मन्त्रालय, बाणिज्य बिभाग, बबरमहल काठमाडौंमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**फर्मको नाम: ॐ मोक्ष सप्लायर्स**<br>दर्ता नं: ४३१/०७४/०७५, दर्ता मिति: २०७४/१०/१२, पान नं: १०६८१५३४४, दर्ता मिति: २०७४/१२/१३<br>**प्रोप्राइटर: सन्तोष चौलागाई** | | |
| | **ऋणी तथा जमानीकर्ताको विवरण** | **जमानीकर्ताको विवरण** | **जमानीकर्ताको विवरण** |
| | नाम थर : सन्तोष चौलागाई<br>बाबु : आन्त बहादुर चौलागाई<br>बाजे : सुर बहादुर चौलागाई<br>ठेगाना: हेटौडा ०७, मकाबानपुर<br>ना.प्र.नं.: ३११०२३/४७३७७<br>जारी मिति: २०६४/१०/०४<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकावानपुर<br>कर्जा शीर्षक: हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : बिष्णु माया कार्की<br>ससुर : सुर बहादुर चौलागाई<br>पति : आन्त बहादुर चौलागाई<br>ठेगाना : हेटौडा ०७, मकावानपुर<br>ना.प्र.नं.: १५१<br>जारी मिति: २०४५/०२/०५<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकावानपुर | नाम थर : सन्देश चौलागाई<br>बाबु : आन्त बहादुर चौलागाई<br>बाजे : सुर बहादुर चौलागाई<br>ठेगाना: हेटौडा ०७, मकावानपुर<br>ना.प्र.नं.: ३११०२३/४७३७६<br>जारी मिति: २०६४/१०/०४<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकावानपुर |
| | **जमानीकर्ताको विवरण** | **धितोको विवरण** | |
| | नाम थर : पवन श्रेष्ठ<br>बाबु : भुवन बहादुर श्रेष्ठ<br>बाजे : सुर्य श्रेष्ठ<br>ठेगाना: हेटौडा ०७, मकावानपुर<br>ना.प्र.नं.: ३६२७<br>जारी मिति: २०५९/१२/२७<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकावानपुर | सवार साधन 1618il 7.5 CUM BOX नं. बागमती प्र ०३ ००१ क ०५४४ ईन्जिन नं MLHZ400841 को गाडी । | |

| सिं.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| २ | **नाम थर : राम विलास मण्डल**<br>बाबु : मोती लाल मण्डल<br>बाजे : सुखाई मण्डल<br>ठेगाना: मिर्चैया -११, सिराहा<br>ना.प्र.नं. १४५९३<br>जारी मिति. २०५९/०३/३१<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सिराहा<br>कर्जा शीर्षक. हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : सविता मण्डल<br>ससुरा : मोति लाल मण्डल<br>पति : राम विलास मण्डल<br>ठेगाना : मिर्चैया - ११, सिराहा<br>ना.प्र.नं. ११००५५७२<br>जारी मिति २०६२/०२/०५<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सिराहा |
| | **धितोको विवरण** | |
| | १. सवार साधन ASHOK LEYLAND 1618IL TU Tipper नं. प्र २ ०३ ००१ ख ०३७४ ईन्जिन नं JWEZ438890 गाडीको लिगलगापात समेत ।<br>२. सविता मण्डलको नाउँमा रहेको मा.पो.का सिराहामा दर्ता रहेको रामनगर वडा न ०४, बारा कि.नं ४५७९ क्षे.फ ८४.६६ व.मी.को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।<br>३. राम विलास मण्डलको नाउँमा रहेको मा.पो.का सिराहामा दर्ता रहेको रामनगर वडा न ०३, सिराहा कि.नं ४०६७ क्षे.फ ८०.४२ व.मी.को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत । | |

| सिं.नं. | ऋणी विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|
| ३. | **नाम थर : लीला बल्लभ गिरी**<br>बाबु : राम लाल गिरी<br>बाजे : धनराज गिरी<br>ठेगाना: बेलबारी-०४, मोरङ्ग<br>ना.प्र.नं. ४/५७९<br>जारी मिति. २०६१/०१/१४<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मोरङ्ग<br>**कर्जा शीर्षक: हायर पर्चेज**<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : बन्दना बस्नेत गिरी<br>ससुर : राम लाल गिरी<br>पति : लीला बल्लभ गिरी<br>ठेगाना : बेलबारी-०४, मोरङ्ग<br>ना.प्र.नं. ०५१०३७-२७०<br>जारी मिति २०६७/०१/०५<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मोरङ्ग | नाम थर : राम कुमार कटुवाल<br>बाबु : दुर्गा बहादुर कटुवाल<br>बाजे : दल बहादुर कटुवाल<br>ठेगाना : केराबारी-०९, मोरङ्ग<br>ना.प्र.नं. ०५-०१-७६-१२७१२<br>जारी मिति २०७६/१०/२१<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मोरङ्ग |
| | **धितोको विवरण** | | |
| | सवार साधन MITR BB 4270 WB 32+D नं. प्र १ ०२ ००१ ख ९५७८ ईन्जिन नं GKH501441P गाडीको लिगलगापात समेत । | | |

**पुनश्च:** माथि उल्लेखित ब्यहोरा अवगतार्थ अनुरोध गर्दै तोकिएको समय भित्र सम्पुर्ण कर्जा भुक्तान गरी आफ्नो सम्पत्ति संरक्षण गर्न हुन ऋणी, जमानीकर्ता तथा धनजमानीकर्ता समेतलाइ पुन: अनुरोध गरिन्छ । अन्यथा तोकिएको मितिमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुने भएकोले उक्त दिन समयमानै उपस्थित भई लिलाम सम्बन्धि कार्यको प्रत्यक्ष जानकारी लिन हुन समेत यसै सूचना मार्फत सुचित गरिन्छ ।

**धितो लिलाम बिक्रीका शर्तहरु:**

१. बोलपत्र आवेदन फारम संस्थाको प्रधान कार्यलय, पानीपोखरी, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था/फर्म/कम्पनी हुनु पर्नेछ । बोलपत्रदाता प्राकृतिक ब्यक्ति भएमा नेपाली नागरिकताको प्रतिलिपी र संस्था/फर्म/कम्पनी भएमा PAN, दर्ता, करचुक्ता, माइन्युट र अख्तियार प्राप्त ब्यक्तिको नागरिकताको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नु पर्नेछ ।
३. शिलबन्दी बोलपत्र फारम सूचना प्रकाशित मितिले १५ दिन भित्र यस संस्थाको प्रधान कार्यालय पानीपोखरी, काठमाण्डौमा पेश गराई सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि आएका आवेदनहरु उपर कुनै कारबाही नहुन सक्नेछ ।
४. यो बोलपत्र सूचना प्रकाशित मितिले १६ औं दिन यस संस्थाको प्रधान कार्यालय पानीपोखरी, काठमाडौमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यलय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिने छ । बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनी बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
५. बोलपत्र स्विकृत भएको जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र कबोल गरेको रकम यस संस्थामा जम्मा गर्नु पर्नेछ । स्विकृत बोलपत्रदाताले आफ्नो नाममा दा.खा. नामसारी गर्दा लाग्ने नियमानुसार सरकारी शुल्क वा दै दस्तुर आफैले बुझाउनु पर्नेछ ।
६. लिलाम गर्दैगर्दा नभ्याएमा त्यसको भोलिपल्ट बाट लिलामको लिलामको कार्य जारी रहनेछ ।
७. यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा संस्थाको प्रधान कार्यालय पानिपोखरी, काठमाण्डौमा सम्पर्क राखि जानकारी लिन सकिनेछ ।

**शिलवन्दी बोलपत्र खोलिने मिति :** २०८१/१०/१२
**स्थान :** प्रधान कार्यालय पानीपोखरी, काठमाण्डौ
**समय :** दिउसो १:०० बजे

VENTURE HIRE PURCHASE
(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कारोबार गर्न इजाजत प्राप्त संस्था)

**भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेड**
**पानी पोखरी, काठमाडौं ।**
**फोन नं. ०१-४००२६९५, इमेल:** cre@vhppl.com.np



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**ललितपुरको मंगलबजारमा घर पुनर्निर्माणको काम गरिँदै ।**

## बागमती सफाइ अभियानमा महानगरले सघाउने

काठमाडौं । काठमाडौं महानगरपालिकाका १० ओटा वडाले बागमती सफाइ अभियानलाई सहयोग गर्ने सहमति जनाएका छन् । काठमाडौं महानगरपालिका-११ का अध्यक्ष हीरालाल तण्डुकारको अध्यक्षतामा बुधवार बसेको बैठकले आगामी दिनमा वडाको समन्वयमा सरसफाइ अभियान सञ्चालन गर्ने निर्णय गरेको हो । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको अगुवाइमा प्रत्येक शनिवार हुँदै आएको सफाइ अभियानमा अबदेखि महानगरपालिकाका तत्तत् क्षेत्रका वडाध्यक्षसहितका जनप्रतिनिधिको सहभागिता रहने सहमति भएको अभियन्ता रामशरण कार्कीले जानकारी दिए ।

बैठकले आगामी साताको सरसफाइ वडा नं ८ का वडाध्यक्षको संयोजनमा सञ्चालन गर्ने निर्णयसमेत गरेको छ । काठमाडौं महानगरपालिकाका विभिन्न १० ओटा वडा भएर बागमती बगेकोमा त्यसमध्ये बुधवारको बैठकमा ७, ८, ९, १०, ११, १२ र १४ का वडाअध्यक्षले सहमति जनाएका हुन् । बैठकले आगामी दिनमा फोहोर वर्गीकरण, व्यवस्थापन तथा पुनः प्रयोग गर्न प्रोत्साहन गर्ने तथा हेलचेक्र्याइँ गर्नेलाई जरीवानासमेत गर्ने निर्णय गरेको छ । बागमती सफाइ अभियानका प्रमुख अभियन्ता लीलामणि पौड्यालको उपस्थितिमा बसेको बैठकले अधिकार सम्पन्न बागमती समितिले परियोजना कार्यान्वयनमा स्थानीय जनप्रतिनिधिसँग समन्वय गर्ने निर्णय गरेको छ । २०७० जेठ ५ गतेदेखि शुरू भएको अभियानका क्रममा हालसम्म २० हजार टनभन्दा बढी फोहोर संकलन भइसकेको जनाइएको छ । *रासस*

### मध्यपहाडी लोकमार्ग

# कास्की–बागलुङ खण्डमा १९३ किलोमिटर कालोपत्र

बागलुङ । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी पुष्पलाल लाकमार्गअन्तर्गत कास्की-बागलुङखण्डको एक सय ९३ किलोमिटर सडक कालोपत्र भएको छ । कुल दुई सय ५० किमीको उक्त खण्डमध्ये कास्कीको मादी गाउँपालिकाको भैंसेदेखि पोखरा महानगरपालिकाको याम्दी पुलसम्म ३८ किमी र बागलुङको उपल्लाचौर-घोडाबाँधेअन्तर्गत १३ किमी सडक कालोपत्र हुन बाँकी छ । आयोजना कार्यालयका अनुसार स्तरोन्नति हुन बाँकी रहेको ५१ किमी सडक



कालोपत्रका लागि पूर्वाधार तयारीको काम भइरहेको छ ।

लमजुङसँगको सिमानामा पर्ने कास्कीको भैंसेदेखि रुदीखोलासम्म १६ किमी सडक भने पर्वतस्थित आयोजना कार्यालयका प्रमुख शम्भुप्रसाद आचार्यले जानकारी दिए । याम्दीदेखि पर्वत हुँदै बागलुङको मालढुंगासम्मको सडक पनि कालोपत्र भई सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरिसकिएको उनले बताए । मालढुंगादेखि बागलुङ सदरमुकामको उपल्लाचौरसम्मको पाँच किमी सडक चौडा र स्तरोन्नतिका लागि ठेक्का व्यवस्थापन हुन बाँकी रहेको प्रमुख आचार्यको भनाइ छ । उपल्लाचौरदेखि घोडाबाँधेसम्मको २६ किमी सडकमध्ये १३ किमी कालोपत्र भइसकेको र १३ किमी कालोपत्र हुने चरणमा रहेको उनले बताए ।

उक्त खण्डको काम लामो समयसम्म अलपत्र परेपछि पुरानो ठेक्का तोडेर नयाँ ठेक्कामार्फत काम काम शुरू गरिएको प्रमुख आचार्यले बताए । 'बयलडाँडादेखि घोडाबाँधेसम्मको कालोपत्र एक वर्षभित्र पूराना गर्ने लक्ष्य लिइएको छ,' उनले भने, 'उपल्लाचौरदेखि बयलडाँडा सम्मको खण्डमा पनि पाँच किमी सडक कालोपत्र हुन बाँकी छ ।' घोडाबाँधेदेखि रुकुमपूर्वको सीमाना पातीहाल्ने सम्मको ९९ सय किमी सडक भने कालोपत्र भइसकेको छ । घोडाबाँधेदेखि-हटियासम्म कालोपत्र गरिएको सडक जीर्ण भएपछि मर्मत सुधार गरिएको आयोजना कार्यालयका सूचना अधिकारी किरण सुवेदीले जानकारी दिए । पश्चिमतर्फको खण्डमा पनि आयोजना कार्यालयमार्फत सडक मर्मतसम्भारको काम भइरहेको छ । निसीखोला गाउँपालिका हुँदै पातीहाल्ने जोड्ने सडकमध्ये १४ किमी सडक मात्र सडक डिभिजन कार्यालयलाई हस्तान्तरण भएको छ । अन्य खण्डमा भने निर्माण कम्पनीले योजना फरफराक समयमा नगरेका कारण हस्तान्तरण हुन बाँकी छ ।

सूचना अधिकारी सुवेदीले कास्की, पर्वत र बागलुङमा पर्ने लोकमार्गअन्तर्गतको सडक खण्ड स्तरोन्नति गरी दुई लेन कालोपत्र गरिने बताए । सडक स्तरोन्नतिसँगै उक्त खण्डभित्र कास्कीको याम्दी खोला, पानीबिहाद, पर्वतको तमादी खोला, सुन्दरे खोला र बागलुङको काठेखोलामा गरी पाँच पुल निर्माणाधीन अवस्थामा रहेका छन् । पर्वतको मोदी र पाती खोलामा ठेक्का व्यवस्थापन भई डिजाइन स्वीकृतिको क्रममा रहेको आयोजना कार्यालयले जनाएको छ ।

लोकमार्गअन्तर्गत कास्की, पर्वत र बागलुङमा सडक तथा पुल निर्माणका लागि चालू आवमा रू. ७६ करोड ८० लाख विनियोजन भएकामा गत मङ्सिर मसान्तसम्म रू. २० करोड ४० लाख ४८ हजार पाँच सय १२ खर्च भइसकेको सूचना अधिकारी सुवेदीले बताए । ठेक्कामार्फत सडक र पुलका गरी ११ ओटा योजना सञ्चालनमा रहेको उनको भनाइ छ । लोकमार्गअन्तर्गतकै हरिचोक-याम्दी खण्ड पनि कालोपत्रका लागि अहिले 'प्लान्ट' राख्ने काम भइरहेको सूचना अधिकारी सुवेदीले बताउनुभयो । करिब २२ सय मिटर दूरीको उक्त सडक समयमा कालोपत्र नहुँदा जनगुनासो बढेको थियो । आगामी माघभित्र सडक कालोपत्रको काम पूरा हुने जनाइएको छ । दुई वर्षमा सक्ने गरी विसं २०७९ साउनमा काठमाडौंको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिले उक्त सडक निर्माणको जिम्मा लिएको थियो । *रासस*

**ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारे ३५ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०९/२६**

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शिर्षकमा उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज, तथा अन्य लेना रकम नबुझाई वित्तीय संस्थासँग भएको कर्जासँग सम्बन्धित सम्झौताहरु उल्लंघन गर्नु भएकोले ऋणकर्जा उपभोग गरे वापत वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत वित्तीय संस्थाको कर्जा चुक्ता भुक्तान नगर्नु भएकोले तपाई तपसिलमा उल्लेखित ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ दिनभित्र** यस वित्तीय संस्थामा सम्पर्क राखी आफूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज, पेनाल व्याज, तथा अन्य लेना रकम चुक्ता भुक्तान गर्नुहोला । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा ऋणकर्जा वापत वित्तीय संस्थालाइ तिर्न बुझाउन पर्ने सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाइ कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना रकम असुलउपर गरिने तथा लेना बाँकी रहेमा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित अन्य कानून अनुरुप ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जाय जेथा श्री सम्पत्तीबाट बाँकी लेना रकम असुल उपर गरिने र कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा नाम समावेस गर्न सिफारीस गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | | |
|---|---|---|
| १) **ऋणीको नाम : सोनु ठाकुर**<br>बाबु : पुण्यदेव ठाकुर बरही<br>बाजे : लक्ष्मी ठाकुर बरही<br>आमा : सोधिरा देवी<br>ठेगाना : हलखोरी-०९, महोत्तरी, | हाल : एकडारा गा.पा.-०४, महोत्तरी<br>ना.प्र.नं : १८-०१-७३-०१८९९<br>जारी मिति :२०७३/०२/२८,महोत्तरी<br>**कर्जा शिर्षक : व्यक्तिगत कर्जा, व्यक्तिगत आवशिय भवन निमार्ण कर्जा**<br>**शाखा कार्यालय : जनकपुर शाखा, धनुषा** | |
| **जमानीकर्ताको विवरण** | | |
| **क) नाम : रामलोचन ठाकुर**<br>बाबु : पुण्यदेव ठाकुर बरही<br>बाजे : लक्ष्मी ठाकुर बरही<br>आमा : सोधिरा देवी<br>ठेगाना : हलखोरी-०९, महोत्तरी,<br>हालः एकडारा गा.पा.-०४,महोत्तरी<br>ना.प्र.नं. १८-१-००४/३४७<br>जारी मितिः २०६८/०९/२२, महोत्तरी | **ख) नामः पुण्यदेव ठाकुर बरही**<br>बाबु : लक्ष्मी ठाकुर बरही<br>बाजे : जगदिश ठाकुर बरही<br>पत्नी : सोधिरा देवी<br>ठेगाना : हलखोरी-०९, महोत्तरी,<br>हाल : एकडारा गा.पा.-०४, महोत्तरी<br>ना.प्र.नं. ३५४३३१५२<br>जारी मितिः २०५०/१२/२६, महोत्तरी | **ग) नाम : सोधिरा देवी**<br>बाबु : राम गुलाम शर्म<br>पति : पुण्यदेव ठाकुर बरही<br>ससुरा : लक्ष्मी ठाकुर बरही<br>ठेगाना : हलखोरी-०९, महोत्तरी,<br>हालः एकडारा गा.पा.-०४, महोत्तरी<br>ना.प्र.न : १८३००४४४<br>जारी मिति :२०६३/१२/१४, महोत्तरी |

*सोनु ठाकुरको नाममा रहेको व्यक्तिगत कर्जा तथा व्यक्तिगत आवशिय भवन निमार्ण कर्जाको लागि देहाए बमोजिमको धितो सुरक्षणमा राखिएको छ ।*

**धितो सुरक्षणमा राखिएको सम्पतिको विवरण** : घरजग्गा

| जग्गाधनी | जिल्ला | गा.बि.स/न.पा. | वडा नं / नक्सा सिट नं. | कीत्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफीयत |
|---|---|---|---|---|---|---|
| सोधिरा देवी | महोत्तरी | हलखोरी | ९क | २९१ | ०–०–७.५–० | सो जग्गामा निर्माण भएका तथा भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| | महोत्तरी | हलखोरी | ९क | २९३ | ०–२–९–० | |
| पुण्यदेव ठाकुर बरही | महोत्तरी | हलखोरी | ९क | २०९ | ०–१–०–० (घर समेत) | |

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| २) **ऋणीको नाम : सीता देवी लिम्बु**<br>बाबु : देवि ब. सुब्बा<br>ससुरा : श्याम बहादुर सुब्बा<br>पति : महेन्द्र सुब्बा<br>ठेगाना : शनिश्चरे-०५, झापा<br>हाल : अर्जुनधारा न.पा - १०, झापा<br>ना.प्र.नं.:११८/९१६<br>जारी मिति : २०४६/०२/३०, झापा<br>**कर्जा शिर्षक : व्यक्तिगत कर्जा**<br>**शाखाकार्यालय : विर्तामोड शाखा, झापा** | **क) नाम : कल्पना राजवंशी**<br>बाबु : महेन्द्र सुब्बा<br>बाजे : श्याम बहादुर सुब्बा<br>ससुरा : अनिल कुमार राजवंशी<br>पति : बसन्त राजवंशी<br>ठेगाना : अर्जुनधारा न.पा.-५, झापा<br>हालः विर्तामोड-०१, झापा<br>ना.प्र.नं. : ०४-०१-७४-१४९०३<br>जारी मिति :२०७४/१२/०२, झापा |

**धितो सुरक्षणमा राखिएको सम्पतिको विवरण** : जग्गा **धितो दिने/जग्गाधनीको नाम** : सीता देवी लिम्ब

| जिल्ला | गा.बि.स/न.पा. | वडा नं / नक्सा सिट नं. | कीत्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफीयत |
|---|---|---|---|---|---|
| झापा | शनिश्चरे | ५ | १९१८ | ०-२-१-० | सो जग्गामा निर्माण भएका तथा भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्था
**गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.**
प्रधान कार्यालयः गुहेश्वरी भवन, हरिहरभवन, पुल्चोक, ललितपुर
फोनः ०१-५४५०४०६, ५४३७४०७
E-mail: gmbf@gmbf.com.np/web: www.gmbf.com.np

## महोत्तरीका उखु किसानलाई नियमित भुक्तानी

महोत्तरी । महोत्तरीका उखु किसानले चिनी उद्योगबाट भुक्तानी पाएका छन् । जिल्लाको गौशाला-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले किसानलाई नियमित तालिकामा भुक्तानी दिइरहेको बताइएको छ ।

यसपालि जारी क्रसिङ सिजनमा पुस तेस्रो साताभित्र उद्योगले पाँच पटक गरेर किसानलाई रू. ४५ करोड ६४ लाख ६१ हजार भुक्तानी गरिसकेको उद्योगले बताएको छ । गत मङ्सिर २६ गते उखु क्रसिङ (उखु पेल्न) थालेको उद्योगले त्यसयता शनिवारसम्ममा आठ लाख ४५ हजार ७० क्वीन्टल उखुको भुक्तानी दिइएको उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले जानकारी दिए ।

यस सिजनमा उद्योगले ३५ लाख क्वीन्टल उखु क्रसिङको लक्ष्य लिएको छ । यो गत वर्षभन्दा ६ लाख क्वीन्टल बढी हो । यसपटक सरकारले पनि उखु क्रसिङ अगावै मूल्य निर्धारण गरेपछि भुक्तानीमा सहज भएको शुक्लाको भनाइ छ । सरकारले उखुको मूल्य प्रतिक्वीन्टल रू. पाँच सय ८५ निर्धारण गरेको छ । यो गतवर्षभन्दा रू. २० बढी हो । उद्योगले दिने उखुको मूल्यबाहेक किसानलाई सरकारले प्रतिक्वीन्टल ७० रुपैयाँ अनुदान दिनेछ ।

उद्योगले समयमै भुक्तानी दिए पनि किसानले राहत महसूस गरेका छन् । चार वर्ष पहिलेसम्म भुक्तानीका लागि वर्ष दिनसम्म भौतारिनुपर्ने अवस्था अन्त्य हुनु सकारात्मक भएको उखु उत्पादक किसान संघ, महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउँछन् । 'उद्योगले भुक्तानी सहज बनाएको छ, तर मूल्यमा किसान ठगिएका छन्, उत्पादक किसानले यसपटक गतवर्षको मूल्यमा १५ प्रतिशत थप्न माग गरेका थिए, तर सरकारले प्रतिक्वीन्टल रू. २० मात्र थपेको छ । यसबारे सरकारले पुनर्विचार गरोस्,' उनले भने ।

भुक्तानी सहज बनेपछि यहाँ उखुखेती गर्ने क्षेत्रफल पनि बढ्दै गएको छ । १५ वर्षपहिले जिल्लामा १५ हजार बिघा पुगेको खेती भुक्तानी झमेलाले घट्दै गएर आर्थिक वर्ष २०७७/७८ मा पाँच हजार बिघामा झरेको थियो । यद्यपि भुक्तानी सहज भएसँगै खेती बढ्दै गएर यसपालि ९ हजार बिघा पुगेको जनाइएको छ । *रासस*



काठमाडौंको खर्पनमा स्ट्रबेरी तथा चाकु, तिलौरी बेच्न हिंडेका एक घुमन्ते व्यापारी ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

## अपोलो टायर्सको सहयोगमा भक्तबहादुरलाई म्यानचेस्टरमा प्रशिक्षण अवसर

काठमाडौं (अस) । अपोलो टायर्स र म्यानचेस्टर युनाइटेडबीचको सहकार्यमा युनाइटेड वी प्ले (यूडब्ल्यूपी)को चौथो संस्करण सम्पन्न भएको छ । युनाइटेड वी प्लेमार्फत नेपालका युवा फुटबल खेलाडी भक्तबहादुर परियारले म्यानचेस्टर युनाइटेडको घरेलु मैदान ओल्ड ट्राफोर्डमा प्रशिक्षणका साथै फुटबल लेजेन्डहरूसँग खेल्ने अवसर पाएको अपोलो टायर्सले बताएको छ ।

एसिया प्यासिफिक र मिडल इस्ट एन्ड नर्थ अफ्रिका (मेना) क्षेत्रका एक हजार पाँच सय प्रतिस्पर्धी यो अवसरका लागि प्रतिस्पर्धामा थिए । सहभागीमध्ये नेपालका परियारसहित भारत, थाइल्यान्ड र संयुक्त अरब इमिरेट्स (यूएई)का ६ जनाले मात्रै यो अवसर पाएको कम्पनीले बताएको छ ।

भक्तबहादुर परियारसँगै भारतका पीसी लालछुआनवमा, श्रीजल किस्कु मोहम्मद अयान, थाइल्यान्डका चानसन चैयाथम र यूएईका शायन नबिलले यो अवसर पाएका हुन् । उनीहरूले खेल्ने र म्यानचेस्टर युनाइटेड सकर स्कुलका प्रशिक्षकहरूसँगै प्रशिक्षण गर्ने मौका पाएका थिए । यस्तै, म्यानचेस्टर युनाइटेडका पूर्वखेलाडी एवं आइरिस फुटबल प्रशिक्षक जोन ओसियालगायतसँग भेट्ने अवसर पनि पाएको बताइएको छ ।



अपोलो टायर्सले म्यानचेस्टर युनाइटेडसँगको सहकार्यमा युवा फुटबल खेलाडीलाई प्रोत्साहन गर्न यो युनाइटेड वी प्ले कार्यक्रम शुरू गरेको थियो । कम्पनीले यसलाई 'वान्स-इन-अ-लाइफटाइम' अवसर भनेको छ । अपोलो टायर्सका मार्केटिङ, खेलकुद एवं सामुदायिक प्रमुख रेमस डी क्रुजले युवाका लागि यो फुटबलमा मात्र नभएर जीवनलाई नै सही स्थानमा राख्न सिकाउने अवसर भएको बताए ।

## नेपाल एसबिआई बैंकद्वारा दोलखामा सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन



काठमाडौं (अस) । नेपाल एसबिआई बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत दोलखाको भीमेश्वर नगरपालिका-९ स्थित सुर्के माध्यमिक विद्यालय भण्डारेमा अध्ययनरत सम्पूर्ण विद्यार्थीका लागि स्कुल ब्याग तथा शैक्षिक सामाग्री प्रदान गरेको छ । कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत, दीपक कुमार दले सुर्के माध्यमिक विद्यालय भण्डारे समितिका अध्यक्ष र प्रधानाध्यापकलाई औपचारिक रूपमा उक्त सामग्री हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारी, नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत, राजेशकुमार पण्डा, प्रमुख सञ्चालन अधिकृत, विकास आनन्द, प्रमुख जोखिम तथा अनुपान अधिकृत, विष्णुदेव यादव, प्रमुख कर्जा अधिकृत, अर्जुन नेपाल, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत, रितेश अर्याल र बैंक तथा स्कुल समितिका अन्य उच्च पदाधिकारी तथा शिक्षक समेतको उपस्थिति रहेको थियो । बैंकले शिक्षा क्षेत्रमा यस किसिमको कार्यक्रम समय समयमा गर्दै आएको छ । हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२२ एटिएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

## भाटभटेनी सुपरमार्केटको नेतृत्वमा शिवाली गुरुङलाई रू. १० लाखको प्रायोजन

काठमाडौं (अस) । नेपालकी उदीयमान टेनिस खेलाडी शिवाली गुरुङले सन् २०२५ का लागि १० लाख रुपैयाँको प्रायोजन प्राप्त गरेकी छिन् । यो प्रायोजन भाटभटेनी सुपरमार्केटको नेतृत्वमा भएको हो । 'यस सहयोगले शिवालीलाई एशियाकै उत्कृष्ट यू-१४ खेलाडी बन्ने यात्रामा मद्दत गर्नेछ । हाल एशियन टेनिस फेडेरेसनको 'यू-१४ गर्ल्स' श्रेणीमा शिवाली १२ औं स्थानमा छिन् र यस वर्ष उनी शीर्ष १० मा पर्न तयारीमा छिन्,' भाटभटेनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ । मुख्य प्रायोजकको रूपमा भाटभटेनी सुपरमार्केटसहित अन्य प्रतिष्ठित ब्रान्डहरूले उनको प्रशिक्षण, यात्रा र प्रतियोगिताका खर्चहरूको व्यवस्था गर्ने बताइएको छ । यसले उनलाई अन्तरराष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्न र विश्वभर नेपाललाई प्रतिनिधित्व गर्न अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।



'हामी युवा विकास र भविष्यका खेलाडी निर्माण गर्न प्रतिबद्ध छौं, जसले अन्तरराष्ट्रिय स्तरमा नेपाललाई प्रतिनिधित्व गर्नेछन् । शिवालीको यात्रालाई समर्थन गर्नु हाम्रो युवा प्रतिभालाई प्रेरित र पोषण गर्ने दृष्टिकोणको हिस्सा हो,' भाटभटेनी सुपरमार्केटका निर्देशक कल्याण गुरुङले भने ।

यसैगरी शिवालीले भनिन्, 'यो प्रायोजन मेरो जीवन बदल्ने अवसर हो । भाटभटेनी सुपरमार्केट र अन्य प्रायोजकको सहयोगका लागि म आभारी छु, जसले मलाई मेरो सपना-एशियाकी शीर्ष खेलाडी बन्न र नेपाललाई गर्व गर्न सक्ने मौका दिनेछ ।' १३ वर्षको उमेरमै शिवालीले यू-१८ नेपाल च्याम्पियनसिप जित्ने, आईटीएफ वर्ल्ड टेनिस टूर जे३० को फाइनलसम्म पुग्ने र विभिन्न अन्तरराष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गर्ने जस्ता उल्लेखनीय उपलब्धि हासिल गरिसकेकी छिन् ।


**Jantedhunga Rural Municipality**

**Office Of The Rural Municipal Executive**

**Chisapani, Khotang**

**Koshi Province, Nepal**

**Invitation for Bid**

Date of publication: 2081/09/26 (January 10, 2025)

1. Jantedhunga Rural Municipality, Khotang invites electronic bid from eligible bidders for the following project as per details given below.

| Contract ID | Name of Project | Bid Document Fee | Bid Security Amount | Bank Detail For Bid Document Fee | Bank Detail For Bid Security | Last Bid Submission Date & Time |
|---|---|---|---|---|---|---|
| JRM/WORKS/NCB/04/2081/82 | CHISAPANI BAJAR DHAL/DHALAN | NRs. 3,000 | NRs. 2,35,000 | **For Bid Document Fee**<br>Name of the Bank: Agriculture Development Bank<br>Name of Office: Jantedhunga Rural Municipality, Khotang<br>Office Account No.: 1125201754693014 | **For Bid Security**<br>Name of the Bank: Agriculture Development Bank<br>Name of Office: Jantedhunga Rural Municipality, Khotang<br>Office Code No.: 801010806<br>Office Account No.: 1125201754693091 | 09/02/2025 & 12:00PM |

2. Bidders may obtain further information from the office of Jantedhunga Rural Municipality, Chisapani, Khotang during office hours or may visit PPMO website: www.bolpatra.gov.np/egp under the name of public entity, "Jantedhunga Rural Municipality, Khotang"

3. Other mandatory information will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Ammended).

**Chief Administrative Officer**


## श्रीलंकाको ज्वेलरी एक्स्पोमा चितवन चेम्बर



चितवन (अस) । श्रीलंकाको कोलोम्बोमा सम्पन्न अन्तरराष्ट्रिय जेम्स एण्ड ज्वेलरी एक्स्पो (पत्थर र गहनाको प्रदर्शनी)मा नेपालको प्रतिनिधित्व गर्दै चितवन चेम्बर अफ कमर्स सहभागी भएको छ । चेम्बरका तर्फबाट उपाध्यक्ष व्यवसायी रुविन रामुदामु, ईश्वरलाल रामुदामु लगायत व्यवसायीको सहभागिता थियो । जनवरी ४ देखि ६ सम्म भएको ३१औं जेम्स एण्ड ज्वेलरी एक्स्पोमा रामुदामुले चितवन चेम्बर अफ कमर्सको तर्फबाट नेपालको प्रतिनिधित्व गरेका हुन् । नारायणगढस्थित जय सन्तोषी माँ सुनचाँदी पसलका सञ्चालक समेत रहेका उनले एक्स्पोमा नेपालको सुनचाँदी व्यवसायको अवस्थाबारे जानकारी गराएका थिए । एक्स्पोमा आधुनिक डिजाइनका सुनचाँदीका गहनाको प्रदर्शनी गरिएको जानकारी दिँदै उनले एक्स्पोबाट सिक्ने अवसर पाएको बताए ।

श्रीलंका जेम्स एण्ड ज्वेलरी एशोसिएशनको आयोजना तथा नेशनल जेम्स एण्ड ज्वेलरी अथोरोटी र एक्सपर्ट डेभलपमेन्ट बोर्डसँगको सहकार्यमा भएको उक्त एक्स्पो श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दासानायकेले उद्घाटन गरेका थिए । एक्स्पोमा नेपाल, चीन, भारत, संयुक्त राज्य अमेरिकासहित युरोपेली र अन्य देशका व्यवसायीको सहभागिता रहेको थियो । एक्स्पोमा श्रीलंकाका रतनपुर, इलाहारा, बेरुवाला, इन्लियोगटा, गाला, कोलम्बो क्षेत्रबाट स्थानीय उत्पादनका रूपमा आकर्षक पत्थर तथा गहना प्रदर्शनीमा राखिएको थियो ।

## भोजपुरमा 'सडक हेरालु'

भोजपुर । भोजपुरमा सडकको मर्मतसम्भारका लागि सडक हेरालु परिचालन गरिएको छ । यहाँ विस्तार भएका पक्की तथा कच्ची सडकमा आवश्यक पर्ने मर्मतसम्भार र निगरानीका लागि सडक हेरालु परिचालन गरिएका हुन् । कोशी प्रदेश सरकारले प्रादेशिक सडकमा सूचीकृत गरेका सडकको मर्मतसम्भारका लागि सडक हेरालु राखिएका जनाइएको छ ।

पहिलो चरणमा जिल्लाको मुख्य सडकमार्गका रूपमा रहेको भोजपुर-टक्सार-कोटडाँडा-पिखुला-डढुवा सडकको २१ किलोमिटर क्षेत्रमा मर्मतसम्भारका लागि दश जना हेरालु राखिएको पूर्वाधार विकास कार्यालय भोजपुरले जनाएको छ । हेरालुहरूलाई दश खण्डमा विभाजन गरेर सडक मर्मतसम्भारको काम सुरु गरेका पूर्वाधार कार्यालय प्रमुख राजनराज रेड्डीले जानकारी दिए । हेरालुले सानो असावधनीका कारण सडक बिग्रिएर हुने ठूलो क्षतिबाट रोक्न नियमित रूपमा सडकको हेरचाह र मर्मसम्भार गर्ने उनले बताए । *रासस*


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०९/२६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

**क्र.सं. शाखा कार्यालय : चापागाउँ, ललितपुर**

**ऋणीको नाम, ठेगाना**

**१.** **नाम : प्रकाश तामाङ**
ना.प्र.नं. १६५८२, जि.प्र.का. ललितपुर, जारी मिति : २०६०/२/१६
बाबुको नाम : प्रितम बहादुर तामाङ्ग, बाजेको नाम : कृष्ण बहादुर तामाङ्ग
ठेगाना : ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ८, हाल : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १०

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : प्रितम बहादुर तामाङ्ग**<br>ना.प्र.नं. २७६, जि.प्र.का. ललितपुर<br>जारी मिति : २०४४/१०/२६<br>बाबुको नाम : कृष्ण बहादुर तामाङ्ग<br>बाजेको नाम : लाल बहादुर तामाङ्ग<br>ठेगाना : ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ८<br>हाल : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १० | **२. नाम : विक्रम तामाङ**<br>ना.प्र.नं. २८-०१-०६८-०५५०९, जि.प्र.का. ललितपुर<br>जारी मिति : २०६८/०८/२२<br>बाबुको नाम : प्रितम बहादुर तामाङ्ग<br>बाजेको नाम : कृष्ण बहादुर तामाङ्ग<br>ठेगाना : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १० |
| **३. नाम : लक्ष्मी तामाङ**<br>ना.प्र.नं. ८००८१, जि.प्र.का. ललितपुर<br>जारी मिति : २०५३/१/१७<br>पतिको नाम : प्रितम बहादुर तामाङ्ग<br>ससुराको नाम : कृष्ण बहादुर तामाङ्ग<br>ठेगाना : ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ८<br>हाल : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १० | **४. नाम : सकुन्तला राई**<br>ना.प्र.नं. ८९२४, जि.प्र.का. भोजपुर<br>जारी मिति : २०६२/५/२२<br>पतिको नाम : प्रकाश तामाङ<br>ससुराको नाम : प्रितम बहादुर तामाङ्ग<br>ठेगाना : भोजपुर जिल्ला, दोभाने गा.वि.स. वडा नं. २<br>हाल : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १० |

**धितोको विवरण**

धनी ज्योति विकास बैंक भई ऋणी प्रकाश तामाङको नाममा यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता कायम रहेको सवारी नं. ना ७ ख ९०२०, च्यासिस नं. MEC0604AKGP017535, इन्जिन नं. 400922D0006770 को Bharatbenz 1217C रहेको सवारी साधन थान १ ।

**क्र.सं. शाखा कार्यालय : बालाजु, काठमाडौं**

**ऋणीको नाम, ठेगाना**

**१.** **नाम : प्रजिषा ट्रेडर्स**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा
प्रा.फ.र.नं. ३-३५-३८३-१५६२४८/२०७७/७८, दर्ता मिति : २०७७/०७/२०, पान नं. १०७८८२५६१, दर्ता मिति : २०७७/०७/०४
ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १५, तिनथाना, **प्रोप्राईटर : सानु माया खड्का**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : सानु माया खड्का**<br>ना.प्र.नं. ०२७३४४-१२५९, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०६३/१०/११<br>पतिको नाम : जितेन्द्रनाथ खड्का<br>ससुराको नाम : जगन्नाथ खड्का क्षेत्री<br>ठेगाना : काठमाडौं जिल्ला, तिनथाना गा.वि.स. वडा नं. ९<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १५ | **२. नाम : जितेन्द्रनाथ खड्का**<br>ना.प्र.नं. ३८६०३, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०६३/०५/१२<br>बाबुको नाम : जगन्नाथ खड्का क्षेत्री<br>बाजेको नाम : झङक वहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला, तिनथाना गा.वि.स. वडा नं. ९<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १५ |

**क्र.सं. शाखा कार्यालय : सितापाइला, काठमाडौं**

**ऋणीको नाम, ठेगाना**

**१.** **नाम : राधाकृष्ण फर्निसिङ्ग**
नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग
दर्ता नं. ७७३३, दर्ता मिति : २०७७/०८/१५, पान नं. ६१४३४९२०७, दर्ता मिति : २०७७/०८/१५
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६, एराहिटी, **प्रोप्राईटर : अनिता न्यौपाने**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : अनिता न्यौपाने**<br>ना.प्र.नं. ४३१००४/२९, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०६७/०४/१<br>पतिको नाम : पुरुषोत्तम खडका<br>ससुराको नाम : कृष्ण बहादुर खडका<br>ठेगाना : तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ७<br>हाल काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १५ | **२. नाम : पुरुषोत्तम खडका**<br>ना.प्र.नं. ८६४०, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५९/१२/५<br>बाबुको नाम : कृष्ण वहादुर खड्का<br>बाजेको नाम : शिव वहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ |

**ऋणीको नाम, ठेगाना**

**२.** **नाम : तामाङ कृषि फर्म**
प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
प्रा.फ.द.नं. ३५६, दर्ता मिति : २०७६/११/२३, पान नं. ६१३१९४५०७, दर्ता मिति : २०७६/११/२७
ठेगाना : काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. ७, शान्ती टोल, **संचालक : बेद बहादुर तामाङ**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : बेद बहादुर तामाङ**<br>ना.प्र.नं. ३-१४६०, जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०५९/५/२७<br>बाबुको नाम : धन बहादुर तामाङ<br>बाजेको नाम : शेर बहादुर तामाङ<br>ठेगाना : धादिङ जिल्ला, किरान्चोक गा.वि.स. वडा नं. ४<br>हाल : काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. ७, शान्ती टोल | **२. नाम : बिमला तामाङ**<br>ना.प्र.नं. २६३०४४/३३३, जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०६३/११/८<br>पतिको नाम : बेद बहादुर तामाङ<br>ससुराको नाम : धन बहादुर तामाङ<br>ठेगाना : धादिङ जिल्ला, किरान्चोक गा.वि.स. वडा नं. ४<br>हाल : काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. ७, शान्ती टोल |

**धितोको विवरण**

बेद बहादुर तामाङको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, डाँडापौवा, रामकोट वडा नं. २ क स्थित कित्ता नं. ९४० को क्षेत्रफल ०-३-०-० रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२**
**शाखा कार्यालय : सितापाइला, काठमाडौं, फोन नं. ०१-५३८०२०२**
**चापागाउँ, ललितपुर, फोन नं. ०१-५२६५६५७, बालाजु काठमाडौं, फोन नं. ०१-४९८८८५६**
**Website: www.jbbl.com.np, Email: info@jbbl.com.np**

विज्ञापन उत्पादन बेच्ने कुरा मात्र होइन, यो तपाईंको दर्शकसँग एक यस्तो सम्बन्ध सृजना गर्नका लागि पनि हो जसले दीर्घकालीन विश्वास र निष्ठा पैदा गर्छ ।

**- सुन्दर पिचाइ**

सम्पादकीय

## लगानी सम्मेलनबाट नसिकेको पाठ

**नेपालले विभिन्न ठूला परियोजनामा स्वदेशी र विदेशी लगानी आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गर्दै आएको छ । गत वैशाख १६ र १७ गते सरकारले लगानी सम्मेलन आयोजना गरेको थियो जसमा १२ परियोजना प्रस्तुत गरिएका थिए । तर, ती परियोजनामा अहिलेसम्म कसैले पनि चासो दिएका छैनन् । कसैको पनि प्रस्ताव नपर्नुको अर्थ कि त ती परियोजना उपयुक्त थिएनन् कि त लगानीकर्ताले नेपालको सरकारलाई पत्याएनन् भन्ने हो । यसले नेपालले गर्ने लगानी सम्मेलनको औचित्यमा प्रश्न उठाएको छ । साथै, नेपालले वैदेशिक लगानीकर्ता कस्तो अवस्थामा लगानी गर्न आउँछन् भन्ने नुबझेको हो कि भन्ने देखिन्छ ।**

**नेपालमा जेजति काम हुन्छन् ती प्रायः कागजी हुने गरेका छन् । अर्थात् कागजमा हेर्दा सबै राम्रो देखिन्छ तर व्यवहारमा ती सबै असफल भइरहेका छन् । व्यावहारिकता एकातिर, मुलुकका जनताको सोच अर्कातिर र धरातीय यथार्थ झनै अर्कैतिर भएकाले यसो भएको हो भन्ने देखिन्छ । लगानी सम्मेलनमा प्रस्तुत गरिएका परियोजना साँच्चिकै लगानीकर्ताले खोज्ने आधारभूत कुरासँग मिल्दाजुल्दा थिए त ? ज्यादै कम थिए भन्ने देखिन्छ । तामझामसहित आयोजना गरिएको सम्मेलनमा ८०० भन्दा बढी विदेशी प्रतिनिधिसहित २ हजार ५०० भन्दा बढीको सहभागिता थियो । सम्मेलन गर्न करीब ८ करोड रुपैयाँ खर्च भएको बताइन्छ । त्यत्रो तामझामले गरिएको सम्मेलनको औचित्यमा त्यति बेलै पनि प्रश्न नउठेको होइन । लगानी सम्मेलनबाट नेपालमा सम्भावना छ भनेर देखाउन सहयोग मिलेको छ । त्यसलाई मात्रै उपलब्धि मान्न सकिएला ।**

**वैदेशिक लगानीले मुनाफाको आधार खोज्छ । त्यो आधार भनेको स्रोत हो । नेपालसँग त्यस्तो स्रोत हुनुपर्‍यो जुन अन्य क्षेत्रमा पाउन कठिन हुन्छ । नेपालको त्यस्तो स्रोत भनेको जलविद्युत् हो । यसमा सम्भावना छ तर बजारको सुनिश्चितता छैन । नेपालले भारत निर्यातको सपना देखिरहेको छ । बंगलादेशमा पनि बजार खोजिरहेको छ । तर, त्यो बजार भरपर्दो छैन । भारतले चिनियाँ**

नेपालले त्यस्ता परियोजना छनोट गर्नुपर्छ जसमा नेपालको स्रोत उपयोग होस् । नेपालमा कुनै विशेष स्रोत छ भने त्यस्तो क्षेत्रमा लगानी आकर्षित गर्न सकिन्छ ।

**कम्पनीको लगानी वा अन्य सहभागिताबाट बनेका आयोजनाबाट उत्पादित बिजुली खरीद नगर्ने नीति लिएको छ । यस्तोमा भारतीय लगानीकर्तालाई विश्वासमा लिन सक्नुपर्छ । तर, लगानी सम्मेलनमा सम्भावित भारतीय लगानीकर्तालाई आमन्त्रित गर्न सकिएन । भारतको अदानी ग्रूपले भुटानमा जलविद्युत्का लागि ठूलो लगानी गर्दा नेपालको लगानी सम्मेलनमा उनको कुनै पनि प्रतिनिधि सहभागी नहुनु दुर्भाग्य हो । नेपालमा सिमेन्ट उद्योगका लागि प्रशस्त कच्चा पदार्थ देखेर नाइजेरियाको डंगोटे कम्पनी नेपाल आएको थियो । त्यो प्रस्ताव लगानी सम्मेलनमा आएको होइन । यसको अर्थ के हो भने सम्भावना देखेपछि लगानीकर्ता आफै खोज्दै आउँदा रहेछन् । तर, विभिन्न वहानामा त्यस कम्पनीलाई आउन दिइएन । त्यसैले नेपालले त्यस्ता परियोजना छनोट गर्नुपर्छ जसमा नेपालको स्रोत उपयोग होस् । नेपालमा कुनै विशेष स्रोत छ भने त्यस्तो क्षेत्रमा लगानी आकर्षित गर्न सकिन्छ ।**

**ठूलो बजार हुने हो भने पनि लगानी आकर्षित हुन्छ । सरकारले ल्याउन नखोजे पनि खोजी खोजी लगानीकर्ता आउँछन् । हालै इन्डोनेशियाले आइफोन १६ को विक्रीमा प्रतिबन्ध लगायो तर त्यो प्रतिबन्ध पछि उक्त कम्पनीले इन्डोनेसियामा ठूलो लगानी गर्ने भएको छ । चीनमा बजार भएकै कारण विश्वभरिका ठूला कम्पनी त्यहाँ गएका थिए ।**

**लगानीका लागि सस्तो श्रम पनि आवश्यक पर्छ । नेपालको श्रम बजार महँगो त छैन तर उत्पादकत्वको तुलनामा महँगो छ । यहाँ जग्गाको भाउ निकै उच्च छ र जग्गा किन्नको लागि अधिकांश वित्तीय स्रोत खर्च गर्नुपरेपछि को लगानीकर्ता आउला लगानी गर्न ? त्यसमा पनि जग्गा प्राप्तिको झन्झट बखान गरेर साध्य नै छैन । त्यसैले सरकारले यी पक्षमा ध्यान नदिई गरेको सम्मेलनको अर्थ देखिँदैन । अब सम्मेलन गर्ने हो भने यी पक्षमा ध्यान जानु आवश्यक छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## चाँडै नाफा कमाउने सोचले निक्षेप जोखीममा परेको हो

सहकारी र बैंकको संरचना फरकफरक हुन्छ भन्ने कुरा बचतकर्ताले बुझ्न सकिरहेका छैनन् । बैंक सञ्चालन गर्न निश्चित धरौटी राख्नुपर्छ । यसबाट बैंकले बदमासी गरिहाल्यो भने धरौटीबाट बचतकर्ताको निक्षेप फिर्ता गर्न सकिन्छ । तर, सहकारी संस्था सञ्चालन गर्न धरौटी राख्नुपर्दैन । यसबारे धेरै बचतकर्तालाई जानकारी नै छैन । बचतकर्ताहरू सहकारीलाई बैंकजस्तै ठानी बचत गरिरहेका छन् । सहकारी टाट पल्टने अवस्था आए बचतकर्ताको निक्षेप फिर्ता गर्न वा गराउन सकिँदैन । अहिले काठमाडौंकेन्द्रित केही सहकारी संस्थाबाट बचतकर्ताको निक्षेप जोखीममा रहेको कुरा सार्वजनिक भएको छ ।

यसले गर्दा सहकारीका बचतकर्तामा भय उत्पन्न भएको छ । आफ्ना सदस्यहरूबाट संकलित रकम बचत गर्न र सदस्यहरूकै बीचमा लगानी गर्नका लागि सहकारी संस्था खोलिएको हो । तर, अहिले सहकारीको कारोबार सदस्यसदस्यबीच मात्रै सीमित छैन । संस्थाका सदस्यभन्दा बाहिर पनि वित्तीय कारोबार हुन थालेको छ । यसले पनि समस्या बढाएको हो । बचतकर्ता पनि सजिलोका लागि सहकारी संस्थामा बचत गर्न थालेका छन् ।

**(सहकारी विभागका रजिस्ट्रार केदार न्यौपानेसँगको कुराकानीबाट)**

**वर्ष ८, अंक ८३, मङ्गलवार २६ मङ्सिर, २०६९**

# अवैध निकासीले दुखाएको व्यापार सम्बन्ध

## तस्करीको कमाइले मासिँदै उद्यमशीलता

आर्थिक अभियान दैनिकमा केही दिनअघि नेपालबाट ठूलो परिमाणमा भारततर्फ लसुनको अवैध निकासी भइरहेको समाचार आयो । चीनबाट वैध आयात भएको लसुन व्यापारीहरूले नेपाल भारत खुला सिमानाको दुरुपयोग गरेर भारतीय बजारमा पुर्‍याइरहेका छन् । लसुनको अनधिकृत निकासी यस्तो अवैध व्यापारको पछिल्लो कडीमात्रै हो, नेपाल र भारतबीचको भन्सार दर अन्तर वा भारतले लिएको नियन्त्रण नीतिमा चलखेल गर्दै तेस्रो मुलुकबाट ल्याइएका मालसामान भारतीय बजारमा पुर्‍याएर लाभ लिने यो नयाँ प्रवृत्ति भने होइन । केराउ, मरिच, सुपारी, छोकडा, अलैंची, लाइटर, स्याउलगायत वस्तु यही तरीकाले भारतीय बजारमा पुग्ने गरेका छन् । कुनै समय यस्ता वस्तुको अवैध निकासीको प्रवृत्तिको मारमा नेपालमै उत्पादन हुने सुपारी, अलैंची, चियालगायत उत्पादनको निकासीमा अवरोध हुने गरेको छ । यो अवैध व्यापारको सीमित लाभको लोभमा हुने गरेका अनधिकृत व्यापारले निम्त्याएका असीमित अवरोधहरू हुन् । यसमा भारतीय नियतभन्दा पनि हाम्रै व्यवसायीहरूको बदनियतलाई बढी जिम्मेवार मान्नुपर्छ ।

दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) को सहुलियत उपयोग गर्दै नेपालमै उत्पादन भएर भारतमा निकासी हुने कृषिजन्य उत्पादनलाई त्यहाँ भन्सार महशुल लाग्दैन । तर, भारतले आफ्नो बजार व्यवस्थापन प्रभावकारी बनाउन र त्यहाँका किसानको हितलाई ध्यानमा राख्दै यस्ता वस्तुको आयात नीति परिवर्तन गर्दै आएको छ । आयातमा लिने शुल्क बढाएको बेला नेपालबाट यसरी अवैध निकासी मौलाउने गरेको छ । भारतले आफ्ना किसान र उपभोक्तालाई संरक्षणका लागि भन्दै बेलाबेलामा खाद्यान्न आयातमा नियन्त्रणदेखि खुलामात्र नभएर शून्य भन्सारका नीतिहरू लिने गरेको छ । भारतले त्यहाँका किसानलाई जोगाउन यस्तो नीति लिएको हो । तर, नेपालमा अन्य देशबाट भित्रिएको लसुन तस्करीको बाटोबाट भारतमा गइरहेको छ । नेपालमा भन्दा चिनियाँ लसुन भारतमा दोब्बर बढी मूल्यमा विक्री हुने भएपछि यो लाभ उठाउन अवैध व्यापारमा संलग्नहरू तल्लीन भइराखेको अवस्था छ । नेपालको आन्तरिक माग र उपभोगको अवस्था पत्ता लगाएर यसको स्तरभन्दा बढी सामान आयात गर्न दिनु नै गलत हो । आवश्यकताभन्दा कयौं गुणा बढी लसुन आयात गर्न दिनु सरकारको कमजोरी हो । आयातकर्ताले सीमावर्ती क्षेत्रका विभिन्न व्यापारीको नाममा बिल काट्ने र त्यहाँबाट भारतीय क्षेत्रमा लैजाने गरिएको छ ।

हुन त, भारतको विशाल अर्थतन्त्रमा नेपालबाट हुने यस्तो सानो परिमाणको निकासीले के फरक पार्छ र ? नेपाली व्यवसायीले २/४ पैसा आर्जन गरिरहेका छन् भने नेपालका अधिकारीहरूले आँखा चिम्लिएकै राम्रो हुन्छ भन्ने खालका तर्क पनि सुनिने गरेको छ । तर, अवैध व्यापारका सरोकारहरूले केही व्यापारीले कमाइ गरिहाले पनि



**तस्करीमा आधारित निकासी र यसको लाभले उद्यमीहरूमा उद्यमशीलता र प्रतिस्पर्धी क्षमताको होइन, तस्करीको अवसर हेरेर बसिरहेको अवस्था छ । कुन वस्तुको भन्सार दरमा खेल्न सकिन्छ भन्नेमा व्यापारीको ध्यान गएको देखिन्छ ।**

**- उमेशचन्द्र ठाकुर**

त्यसले अर्थतन्त्रलाई कतै पनि फाइदा पुर्‍याएको हुँदैन । यसले सबैभन्दा बढी नेपाल भारत व्यापार सम्बन्धको विश्वसनीयतामा आघात पारिरहेको छ । द्विपक्षीय व्यापारका सरोकारहरूलाई अविश्वासको खाडलमा धकेलिरहेको छ । नेपाल भारत व्यापार सम्बन्धमा आशंका र अविश्वास उत्पन्न भएको छ । जसले वास्तविक मूल्यअभिवृद्धिका वस्तुको निकासीमा समेत अवरोध हुने सम्भावना बढी देखिएको छ । सिमेन्ट, फलाम, जुत्ता, अलैंची, चिया, तरकारी, फलफूलजस्ता उत्पादनमा आइलागेका समस्या यसकै उपक्रम हुन् भन्न सकिन्छ । यसमा सरोकारका पक्षहरू गम्भीर हुन सकेका छैनन् ।

अर्कातिर, तेस्रो मुलुकबाट आयात गरिएका वस्तुमा ३० प्रतिशत मूल्य अभिवृद्धि गरी निर्यात गर्न सकिन्छ । तेस्रो मुलुकबाट भित्रिएको अर्धतयारी तेललाई यही प्रावधानअनुसार भारतमा निकासी गरिँदै आएको छ । भारतमा उच्च दरको सीमा शुल्क हुँदा नेपालमा शून्य प्रतिशतमा भारत निकासीमा फाइदा हुन्छ । यो अवसरको फाइदा लिँदै निकासी भइरहेको हो । विगतमा यो सहुलियतकै कारण नेपालमा यस्ता उद्योगमा व्यापक लगानी बढेको थियो । नेपालमा खानेतेलको खपत ५ लाख टनजति रहेकोमा अहिले यस्ता उद्योगको उत्पादन क्षमता २५ लाख टन पुगिसकेको छ । यो सबै भारत निकासीलाई लक्षित गरी आएको लगानी हो । तर, कोरोना महामारीको केही समयपछि खाद्यान्नमा भएको मूल्यवृद्धिलाई ध्यानमा राखी भारतले यस्तो तेलको आयातमा शून्य भन्सार नीति लिएपछि नेपालबाट निकासी सम्भव भएन । अहिले भारतले पुनः शुल्क बढाएपछि निकासी हुन थालेको छ ।

लसुनलगायत अन्य कृषिजन्य उत्पादनको निकासी यो प्रकृतिको भने होइन । अहिले चीनबाट आयात भएको लसुन अवैध माध्यममाट भारतीय बजारमा पुर्‍याइएको छ । नेपालको भन्सार विभागले नै लसुनको तस्करी भइरहेको खुलासा गरेको छ । यो र यस्तै प्रकारको अवैध व्यापारले भारतीय अर्थतन्त्रलाई मात्र हानि गरेको छैन, नेपाली उद्यमीको उद्यमशीलतालाई धराशयी बनाइरहेको छ ।

औद्योगिक उत्पादनको आवरणमा पनि यस्ता व्यापारिक जालझेलका उदाहरणहरूको कमी छैन । २०७५ सालको जेठमा वीरगञ्जको मूल नाकाबाटै छाला घोषणा गरेर गएको ट्रक १२ टन मरीच बरामद भएको थियो । त्यो भारतीय बजारमा लैजान लागिएको पत्ता लागेको थियो । दालको भुस भनेर वीरगञ्जको आईसीपी भन्सारबाट जाँचपास भएका दुईओटा ट्रकमा भारतीय क्षेत्रमा पुगेपछि केराउ बरामद भएको थियो । यस्ता गैरकानूनी काम नेपालको वैदेशिक व्यापारको विश्वास धमिल्याउने उपक्रमहरू हुन । यसले व्यापारमा आपसी अविश्वास बढाइरहेको छ । हाम्रा दक्षिण र उत्तरतर्फका छिमेकी अर्थतन्त्रमा पनि एकअर्काका प्रतिस्पर्धी हुन् । अवैध गतिबिधिमा अधिकांशतः चीनसँगको व्यापार र चिनियाँ लगानीकर्ता जोडिनुले नेपाल-भारत अर्थराजनीतिक सम्बन्धमा अविश्वासको बढ्नु स्वाभाविक हो । यसले हाम्रो अर्थतन्त्रको चरित्रमा नै असर पारिरहेको हुन्छ ।

**तेस्रो मुलुकबाट भित्रिएको कृषि उत्पादन नेपालका व्यापारीले खुला सिमानाको फाइदा उठाएर भारततर्फ अवैध निकासी गर्दा त्यसबाट त्यहाँको अर्थतन्त्रमात्र प्रभावित हुँदैन, व्यापारिक अविश्वास र अन्य आर्थिक साझेदारीका सरोकार पनि सन्देहमा जेलिन सक्छन् । निकट छिमेकी र व्यापार साझेदारको कृषि अर्थतन्त्रमा नकारात्मक असर पुर्‍याउँदा भारतले पनि त्यसको प्रतिवाद गर्न सक्छ ।**

केही वर्षअघि बारा पर्सा औद्योगिक कोरिडोरको एउटा उद्योगले गलत विवरण घोषणा गरेर निकासी गर्न लागेको तीन कन्टेनर छाला भारतको कोलकातास्थित बन्दरगाहमा त्यहाँका अधिकारीहरूले नियन्त्रणमा लिएर कारबाही अघि बढाएका थिए । त्यस्तै इन्डोनेशिया पठाउने भनिएको छाला वीरगञ्जको सुक्खा बन्दरगाहमा विवादित बनेको छ । वीरगञ्जमा खुलेको चिनियाँ उद्योगले सुक्खा बन्दरगाहबाट निकासी गर्न लागेको छाला घोषणा गरिएको तहअनुसारको तयारी नभएको छाला उद्यमीले नै बताएका थिए । त्यसबेला उद्योगीले नै त्यो निकासी अवैध भएको भन्दै भन्सारमा घेराउ गर्न पुगेका थिए ।

खासगरी तेस्रो मुलुकबाट भित्रिएको कृषि उत्पादन नेपालका व्यापारीले खुला सिमानाको फाइदा उठाएर भारततर्फ अवैध निकासी गर्दा त्यसबाट त्यहाँको अर्थतन्त्रमात्र प्रभावित हुँदैन, व्यापारिक अविश्वास र अन्य आर्थिक साझेदारीका सरोकार पनि सन्देहमा जेलिन सक्छन् । निकट छिमेकी र व्यापार साझेदारको कृषि अर्थतन्त्रमा नकारात्मक असर पुर्‍याउँदा भारतले पनि त्यसको प्रतिवाद गर्न सक्छ । हामीकहाँ अधिकांश वस्तु र सेवाको आपूर्ति जुन अर्थतन्त्रबाट भइरहेको छ । छिमेकीको अर्थतन्त्रका चिन्ता र सरोकारमा उदासीन बन्दै जाने हो अविश्वास बढ्दै जान्छ । यसबाट व्यापार सम्बन्ध बिग्रिन्छ ।

केही व्यापारीले लाभ लिए भन्दैमा निकट छिमेकी र सबैभन्दा ठूलो व्यापारिक साझेदार भारतमा तेस्रो मुलुकको उत्पादन वैध रूपमा पठाएर त्यहाँको अर्थतन्त्रका सरोकारहरूलाई सकस थप्नु अनुचित र अनैतिक दुवै हो । १९५० को नेपाल-भारत मैत्री सन्धिदेखि व्यापार, पारवहनका सन्धिसम्झौताको मर्मविरीतको यो काम एउटा असल छिमेकीको मर्यादाभित्र पर्ने कुरा होइन । अबको केही महीनामै व्यापार, पारवहन तथा सहयोग सम्बन्धमा अन्तरसरकारी बैठक बस्दै छन् । यस्तो बैठकमा भारतले यसबारे प्रश्न उठाउन सक्छ । त्यसबेला नेपाली अधिकारीहरू यसमा जवाफविहीन हुने अवस्था बन्न सक्छ । त्यसबेला आफूले छिमेकी अर्थतन्त्रलाई हानी पुग्ने कामहरूको नियन्त्रण गर्न नसक्दा छिमेकी देशबाट सहयोगको अपेक्षा राख्ने नैतिक अधिकार गुम्ने अवस्था हुन्छ ।

अर्कातिर, तस्करीमा आधारित निकासी र यसको लाभले उद्यमीहरूमा उद्यमशीलता र प्रतिस्पर्धी क्षमताको होइन, तस्करीको अवसर हेरेर बसिरहेको अवस्था छ । कुन वस्तुको भन्सार दरमा खेल्न सकिन्छ भन्नेमा व्यापारीको ध्यान गएको देखिन्छ । उद्यममा प्रविधि, नवीन तरीका, नवप्रवर्तन, नयाँ सम्भावनाको खोज र अनुसन्धानमा चरम उदासीनता देखिएको छ । यसले स्वदेशमा उद्यमको मूल्ययोग र यसका आधारमा रोजगारीका अवसरहरूको सृजनाको सृजनशीलतालाई मासिरहेको छ । यो प्रवृत्तिबाट स्वस्थ अर्थतन्त्र निर्माण हुन सक्दैन । यसले अर्थतन्त्रको सन्तुलनलाई समेत नकारात्मक प्रभाव पार्छ । यो भारतका लागि मात्र नभएर नेपालको अर्थतन्त्रको लागि पनि चिन्ताको विषय बन्नु आवश्यक छ ।

*ठाकुर वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष हुन् ।*

# कानूनको प्रतीक्षामा कर्मचारी

निजामती सेवा राज्य सञ्चालनको एक आधारभूत तथा अभिन्न अङ्ग हो । सरकारले निर्माण गरेका कानून, नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी प्रथमतः निजामती सेवाले लिने गर्छ । यस प्रकारको सरकारी सेवाको उदय इसापूर्व ३०० तिर चीनको हान वंशबाट शुरुआत भएको मानिन्छ । सन् १८५४ मा बेलायती संसद्मा 'नर्थकोट-ट्रेभेलियन रिपोर्ट' बुझाएपछि आधुनिक सरकारी सेवाको शुरुआत भएको हो । नेपालमा २००८ सालमा पब्लिक सर्भिस कमिशन गठन भएको थियो । २०१३ सालमा निजामती सेवा ऐनको तर्जुमापश्चात् कानूनी रूपमा निजामती सेवाको सञ्चालन भएको मान्न सकिन्छ ।

विभिन्न आरोह/अवरोह पार गर्दै नेपालको निजामती सेवा यहाँसम्म आइपुगेको छ । कतिपय कार्यालयमा भौतिक संरचना पुरानो हुनु, आधुनिक प्रविधि र साधनको न्यून प्रयोग गरिनु, परम्परागत एवम् अपारदर्शी कार्यप्रणाली लागू हुनु, ढिलासुस्ती एवम् उत्तरदायित्व पन्छाउने प्रवृत्ति देखिनु आदि कारण राज्य र कर्मचारीतन्त्रप्रति नागरिकको विश्वास बढ्न सकेको छैन । यसको सुधारका लागि २०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अधिकारसम्पन्न प्रशासन सुधार आयोग गठन भएको थियो । त्यसकै आधारमा निजामती सेवा ऐन,२०४९ जारी गरिएको हो । हालसम्म त्यही कानूनले मुलुकको निजामती सेवा चल्दै आएको छ । सङ्घीय व्यवस्था आएको लामो समयसम्म सङ्घीय निजामती सेवा ऐन जारी हुन सकेको छैन । जबर्जस्ती कर्मचारी समायोजन गर्दा नेपालको निजामती सेवा बिब्लेटो बाटोमा गएको छ । स्थायी सरकार मानिने कर्मचारीतन्त्र कानूनको अभावमा आफै थला पर्ने अवस्थामा छ । ऐन र नियमावली विपरीत बाह्रैमास गरिने सरुवाले एक किसिमको आतङ्क सृजना गरेको छ । सचिव/सहसचिवलगायत नीतिगत तहमा काम गर्ने उच्च प्रशासकको समेत १ वर्षमा तीन/चारपटक सरुवा हुँदा प्रशासनिक नेतृत्व अस्थिर बन्दै गएको छ । कानूनका अभावमा नीतिगत स्थायित्व, पेशागत हित र सेवाको सुरक्षा अनिश्चित बन्दै गएको छ भने वृत्ति विकासको मार्ग अवरुद्ध छ । मन्त्रालय, विभाग, निकाय एवम् सेवा प्रदायक कार्यालयको कार्यबोझ तथा कामको प्रकृतिका आधारमा दरबन्दी संरचनाको वैज्ञानिक पुनःसंरचना नहुँदा कतै कर्मचारी कामविहीन हुने त कतै पर्याप्त कर्मचारीको अभावमा सेवा प्रवाहमा प्रभावकारिता कायम गर्न कठिनाइ भएको छ ।

प्रदेश निजामती सेवा र स्थानीय सेवामा एकरूपता कायम गर्न सिद्धान्त र मार्गदर्शन आवश्यक हुन्छ । संघीय निजामती सेवा ऐन जारी हुन नसक्दा यो काम अड्किएको छ । कर्मचारी



**देश निजामती सेवा र स्थानीय सेवालाई थप परिमार्जित र व्यवस्थित गरिनुपर्छ । मुलुकको निजामती सेवालाई कानूनविहीनताको अवस्थाबाट यथाशक्य छिटो मुक्त गराउनु आजको प्रमुख प्राथमिकताको विषय हो ।**

**- प्रकाश भट्टराई**

दोधारमा परेका छन् । स्थानीय तहमा कार्यरत कर्मचारीको निवृत्तिभरणलगायत समस्या बल्झिँदै गएका छन् । समायोजित कर्मचारीको कामकाज सरुवाको व्यवस्थापन गर्न नसक्दा बढुवामा जटिलता थपिएको छ । सङ्घीय शासन थालनी भएसँगै निजामतीसँग सम्बद्ध कानून आवश्यक थियो तर त्यसतर्फ राजनीतिक नेतृत्वले ध्यान दिन सकेको छैन । कर्मचारीतन्त्रमा सुधार गर्न सरकारले ठोस रूपमा अग्रसरता लिन सकेको छैन । प्रशासन सुधारका नाममा विभिन्न सरकारी निकाय कति राख्ने, कर्मचारीको दरबन्दी घटाउने वा बढाउनेबाहेकका विषय प्राथमिकतामा पर्न सकेको देखिँदैन । प्रशासन सुधारका लागि गठन भएका आयोगहरूबाट प्राप्त सुझावहरूको कार्यान्वयन हुन सकेको छैन ।

हामीकहाँ सार्वजनिक प्रशासन प्रभावकारी हुन नसक्दा राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई र प्रशासनले राजनीतिलाई दोषारोपण गर्ने गरेको पाइन्छ । केही प्रशासनविद्, उच्च प्रशासक तथा राजनीतिक नेतृत्वले समेत ट्रेड युनियनका कारण कर्मचारीतन्त्र प्रभावकारी नभएको आरोप लगाउने गरेका छन् । ट्रेड युनियनका कारण निजामती सेवामा राजनीति प्रवेश गरेको भन्ने कुराको सत्यापन गर्न सकिदैन । मन्त्रीहरूले आफू अनुकूलको सचिव/सहसचिव रोज्ने, पालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृत रोज्ने काम हुँदै आएको छ । त्यति मात्र होइन, संवैधानिक निकायमा पार्टिको सिफारिशका व्यक्ति नियुक्ति गर्ने परिपाटी देखिन्छ । यस्ता कार्यले बरु मुलुकी प्रशासनको नीतिगत तहमा राजनीतिक गन्ध आएको पाइन्छ ।

कर्मचारीको सरुवामा हस्तक्षेप गर्छन् भन्ने आरोप ट्रेड युनियनहरूलाई लाग्ने गरेको छ । पूर्वानुमानयोग्य स्वचालित सरूवा प्रणाली लागू गरेर सरुवा व्यवस्थित बनाउने हो भने हस्तक्षेपको गुन्जायस नै हुँदैन । ट्रेड युनियनको चासो कर्मचारीमाथि अन्याय हुन नदिने, साझा हित कायम गर्ने तथा सारभूत रूपमा निजामती सेवाको श्रीवृद्धि गर्ने नै हो । ट्रेड युनियनलाई व्यवस्थापनको प्रतिद्वन्द्वीका रूपमा होइन, सहयात्रीका रूपमा लिन सक्नुपर्छ । राजनीतिक परिवर्तनमा राजनीतिक दलले र अप्ठ्यारो पर्दा उच्च प्रशासकले ट्रेड युनियनहरूको साथ खोजेको तथ्य जगजाहेर छ । आफ्ना सदस्यलाई मात्र होइन, मुख्य सचिव तथा सचिवलाई अन्याय हुँदा समेत ट्रेड युनियनले आवाज उठाउँदै आएका छन् । अहिले दलीय ट्रेड युनियन हुनु हुँदैन भनेर बहस गरेको पनि सुनिन्छ । मौजुदा निजामती सेवा ऐनले दलीय ट्रेड युनियनको परिकल्पना गरेको छैन । ऐनमा निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन र राष्ट्रियस्तरका ट्रेड युनियनको व्यवस्था गरेको छ । अहिले निजामती सेवामा भएका राष्ट्रियस्तरका ट्रेड युनियनहरू दलीय ट्रेड युनियन होइनन्, पेशागत ट्रेड युनियन हुन् । नेपालको संविधान, कानून र नेपाल पक्ष भएका सन्धि सम्झौताहरूले बहुट्रेड युनियनको सुनिश्चतता गरेको छ । लोकतान्त्रिक मुलुकमा ट्रेड युनियन अधिकार प्राप्त कर्मचारीले आफूले चाहेको ट्रेड युनियन रोज्न पाउनु उसको नैसर्गिक अधिकार पनि हो । कानूनी राज्यमा प्राप्त अधिकारलाई खोस्ने होइन व्यवस्थित एवम् उनन्त बनाउने हो । यद्यपि ट्रेड युनियनहरूका कमीकमजोरी पनि छन्, गल्ती कमजोरी सच्याउँदै उनीहरू तोकिएका काम गर्ने र असल एवम् आदर्श ट्रेड युनियन अभ्यासमा केन्द्रित हुनुपर्छ । देशको निजामती सेवामा रहेका समस्या समाधान नगरी ट्रेड युनियन अधिकार खोस्ने कार्यमा लागेर मात्र नेपालको सरकारी सेवा सुदृढ एवम् प्रभावकारी हुन सक्दैन ।

नेपालका संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरू पेशागत हित, सेवाको सुरक्षा र वृत्ति विकास व्यवस्थित हुने आशा राखेर संघीय निजामती सेवा ऐनको व्यग्र प्रतीक्षामा रहेका छन् । नेपाल निजामती कर्मचारी युनियन लगायत राष्ट्रिय स्तरका ट्रेड युनियनहरू, राजपत्र अनंकित कर्मचारी संरक्षण अभियान, स्थानीय तहमा कार्यरत कर्मचारीलगायत विभिन्न सेवासमूहका कर्मचारीले निजामती सेवा ऐनमा समावेश हुनपर्ने विषय, कर्मचारीका सेवासुविधा र निजामती सेवाको सुधारका सन्दर्भमा विभिन्न एजेन्डा राखी छलफल, आन्दोलन तथा विरोधका कार्यक्रम गर्दै आएका छन् । सरोकारवालाको सार्थक सहभागिताविना निर्माण हुने नीति तथा कानूनको कार्यान्वयन प्रभावकारी हुन सक्दैन ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन रहेको सङ्घीय निजामती सेवा विधेयकमाथिको छलफललाई जारी रहेको छ । प्रस्तावित विधेयकमा स्थानीय, प्रदेश वा संघ कुनै तहमा कार्यरत कर्मचारीका वास्तविक समस्या सम्बोधन भएका छैनन् । कर्मचारीलाई नियन्त्रण गर्ने तथा मौजुदा अधिकारहरूबाट पनि वञ्चित गर्ने मनसाय राखेर नकारात्मक धारणाबाट ऐन ल्याउने प्रयास गरिएको छ । यो विधेयकले आम नागरिकका चासो र सरोकारका विषयलाई पनि सम्बोधन गर्न सकेको छैन । पारदर्शी एवम् उत्तरदायी प्रशासन, प्रभावकारी एवम् नतिजामुखी तथा क्षतिपूर्ति सहितको सरकारी सेवाको सुनिश्चतता गर्न सकेको छैन । समग्रमा भन्नुपर्दा प्रस्तावित ऐनमा न बहालवाला कर्मचारी सन्तुष्ट छन् न त सेवा प्रवेश गर्न चाहेका युवा खुशी छन् न नागरिक नै खुशी हुने ठाउँ छ ।

नयाँ कानूनमार्फत यसलाई आमुल सुधार गर्ने अवसर हाम्रासामु रहेको छ । यसका लागि प्रशासनिक संघीयताको कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिएको प्रस्तुत ऐनमा नागरिकको चाहना र कर्मचारीको भावना एवम् चासोलाई सम्बोधन हुने गरी राज्य व्यवस्था तथा सुशासन समितिले विज्ञ, सरोकारवाला पक्षहरू समेतसँग छलफल गरी यसलाई अन्तिम रूप दिन आवश्यक छ ।

अब बन्ने सङ्घीय निजामती सेवा ऐनमा निजामती सेवाका आधारभूत सिद्धान्त, विश्वव्यापी मूल्य र मान्यता, विकसित नवआयामका विषयलाई समावेश गरी नेपालको प्रशासनिक सङ्घीयता कार्यान्वयनको आधार तय गर्नुपर्छ । यसका अतिरिक्त एकपटकलाई कर्मचारी समायोजनमाथि पुनरवलोकन गरिनुपर्छ । संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवालाई सञ्चालन गर्न छुट्टाछुट्टै कानूनको व्यवस्था आवश्यक हुन्छ । यद्यपि 'निजामती कर्मचारी'को परिभाषामा तिनै तहमा कार्यरत कर्मचारीलाई समेटेर ऐन आउनुपर्छ । निश्चित सेवा अवधि, सेवा गरेपछि माथिल्लो श्रेणी र तहमा स्वतः बढुवा हुने स्वचालित बढुवा प्रणाली, स्वचालित र पूर्व अनुमानयोग्य सरुवा प्रणालीलाई ऐनमा समेटिनुपर्छ । यसैअनुरूप प्रदेश निजामती सेवा र स्थानीय सेवालाई थप परिमार्जित र व्यवस्थित गरिनुपर्छ । मुलुकको निजामती सेवालाई कानूनविहीनताको अवस्थाबाट यथाशक्य छिटो मुक्त गराउनु आजको प्रमुख प्राथमिकताको विषय हो ।

*लेखक नेपाल निजामती कर्मचारी युनियनका केन्द्रीय सचिव हुन् ।*

# प्रतिबन्धित भिटामिन र खनिज मिश्रित औषधि विक्री गरे कारबाही

काठमाडौं । प्रतिबन्धित भिटामिन र खनिज मिश्रित औषधि विक्री वितरण गरेको पाइए स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको औषधि व्यवस्था विभागले कारबाही गर्ने भएको छ । विभागले औषधिपूरक सामग्री विक्री वितरणसम्बन्धी सूचना जारी गर्दै विभागमा दर्ता नभएका र नेपाल सरकारबाट प्रतिबन्धित औषधि विक्री वितरण भइरहेको पाइएकाले यस्ता औषधि विक्री वितरण अविलम्ब रोक्न आग्रह गरेको हो । विभागका हानिर्देशक नारायणप्रसाद ढकालले विभागको स्वीकृतिविना आयात भएका यस प्रकारका औषधिको सुरक्षा, गुणस्तर र मूल्य सार्थकता यकिन नहुने हुँदा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने जोखिम सृजना भएको बताए ।

विभागमा दर्ता भएका औषधिसँगको सक्रिय तत्त्व र 'ब्रान्ड'सँग दुरुस्त मिल्दोजुल्दो हुने र देखिने गरी न्युट्रास्युटिकल्स तथा सौन्दर्य प्रशाधनका नाममा विभागमा दर्ता नै नगरी आयात गरी औषधि पसलमार्फत उपलब्ध गराउँदा चिकित्सक तथा स्वास्थ्यकर्मी र बिरामीमा भ्रम सृजना भएको विभागद्वारा जारी सूचनामा उल्लेख छ । फर्माको पियामा (औषधिको आधिकारिक विवरण भएको पुस्तिका) मा उल्लेख भएका र उपचारमा प्रयोग हुने भिटामिन तथा खनिज मिश्रित फर्मास्युटिकल बनावट (ट्याब्लेट, क्याप्सुल, झोलहरू) का औषधि न्युट्रास्युटिकल्सका नाममा र औषधि मिश्रित मलम, क्रिमहरू, सौन्दर्य प्रशाधन सामग्रीका नाममा आयात गरी विक्री वितरण भइरहेको गुनासो आएपछि बजार अनुगमन तथा निरीक्षण गर्दा विभागमा दर्ता नभएका ती औषधि चिकित्सकको सिफारिशमा पुर्जामार्फत औषधि पसलबाट विक्री वितरण भइरहेको पाइएको सूचनामा उल्लेख छ । सूचनाको अवज्ञा गरी त्यस्ता उत्पादनहरू विक्री वितरण गरेको निरीक्षणको क्रममा पाइएमा कानूनअनुसार जफत तथा औषधि ऐन, २०३५ बमोजिम कारबाही गरिने विभागले जनाएको छ । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

**साढे ४८ हजार ...**

नेपाल विद्युत् प्राधिकरणबाट ८ अर्ब अमेरिकी डलर स्रोत सुनिश्चित हुने उल्लेख छ । वैदेशिक रोजगारीमा रहेका तथा गैरआवासीय नेपालीबाट ऊर्जाक्षेत्रमा लगानी जुटाउन हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआईडीसीएल), नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) लगायत निकायमार्फत पावर बोन्ड, डिबेन्चर जस्ता वित्तीय उपकरण जारी गर्ने सरकारी योजना छ । 'यस प्रक्रियामार्फत वार्षिक करीब १ अर्ब अमेरिकी डलर लगानी व्यवस्थापन गर्न सकिने हुँदा करीब १२ अर्ब अमेरिकी डलरको स्रोत उपलब्ध हुन सक्ने अवस्था रहेको छ,' ऊर्जा विकास मार्गचित्रमा उल्लेख छ । त्यसैगरी वैदेशिक लगानी, अनुदान तथा ऋणबाट थप करीब साढे ८ अर्ब अमेरिकी डलर व्यवस्थापन गर्न सकिने उल्लेख गरिएको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले पनि ऊर्जा विकास मार्गचित्र एउटा ऐतिहासिक निर्णय भएको बताए । उनका अनुसार लक्ष्य प्राप्त गर्ने लगानीका लागि निजीक्षेत्रका लगानीकर्ता तयार छन् । तर, सरकारले प्रशासनिक र नीतिगत सुधारमा काम गर्न जरुरी रहेको उनले बताए । 'नीतिगत सुधार भएर लगानी सुरक्षित हुने वातावरण भए नेपाली र विदेशी लगानीतकर्तासमेत आकर्षित गर्न सहज हुनेछ । अर्को कुरा हामीलाई साढे ४६ अर्ब डलर पैसा आजको भोलि चाहिने पनि होइन, करीब १ दशकका लागि थोरै थोरै गरी चाहिने हो । त्यसकारण लगानीका लागि त्यत्ति धेरै आत्तिनु जरुरी छैन,' कार्कीले आर्थिक अभियानसँग भने ।

हालसम्म नेपाल विद्युत् प्राधिकरणले ११ हजार १६८ मेगावाट बराबरको विद्युत् खरीदविक्री सम्झौता (पीपीए) गरिसकेको छ । विद्युत् विकास विभागबाट लाइसेन्स जारी भएर निजीक्षेत्रले पीपीएका लागि प्रतीक्षा गरिरहेका आयोजना नै १२ हजार ९६८ मेगावाट बराबर छन् । ३ हजार ७०० मेगावाटका आयोजना भारत सरकार र भारतीय कम्पनीमार्फत निर्माणको विभिन्न चरणमा छन् । 'यी सबै जोड्दा सरकारले प्राथमिकताका साथ अघि बढाउन लागेका आयोजना नजोड्दा पनि २८ हजार ५०० मेगावाट पुगिसकेको छ,' कार्कीले भने, 'लगानी जुटेमा उत्पादन लक्ष्य प्राप्त गर्न सकिन्छ ।' लक्षित उत्पादनमध्ये १५ हजार मेगावाट बिजुली विदेश निर्यात गर्ने मार्गचित्रमा उल्लेख छ । त्यसमध्ये १० हजार मेगावाट भारत र बाँकी ५ हजार मेगावाट बंगलादेश र चीन निर्यात गरिने मार्गचित्रमा उल्लेख छ ।

**सातै जनालाई ...**

वीरगञ्ज, रूपन्देही, चितवनसहितका जिल्लामा समेत सहकारी प्रकरणमै रविमाथि अनुसन्धान भइरहेको छ । जिल्ला अदालत कास्कीमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐनअनुसार अभियोगपत्र दर्ता भएकाले उनको सांसद पद निलम्बन भइसकेको छ ।

लामिछानेलाई धरौटीमा छाड्न अदालतले आदेश दिएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूले देशमा न्याय प्रणाली अझै जीवित रहेको प्रतिक्रिया दिएका छन् । पोखरामा रहेका पार्टीका प्रवक्ता मनीष झाले अदालतको आदेशपछि भने, 'यो आदेशले राज्य पछि लागेपछि कसैको केही लाग्दैन भन्ने भाष्यलाई गलत हो भन्ने स्थापित गर्‍यो ।' झाले राज्य, गठबन्धनले जतिसुकै प्रतिशोध गरे पनि न्यायमाथि विश्वास थियो, जुन अझ बढेर गएको बताए । अदालतले धरौटीमा छाड्नु स्वागतयोग्य भएको उनले बताए ।

**व्यापार तथा पारवहन ...**

यो कोटा र त्यसलाई पालना गराउन कडा सञ्चालन मोडालिटीका कारण यी वस्तुको निर्यातकर्तालाई निकै झन्झट हुने गरेको निक्कीले बताएको छ । नेपालले भुटान, बंगलादेश र श्रीलंकासँग पनि व्यापार सन्धि गरेको छ र ती कुनैमा पनि परिमाणात्मक बन्देज छैन ।

भारतको सार्वजनिक खरीदमा नेपाली वस्तुलाई पनि स्वदेशी वस्तुको व्यवहार गर्नुपर्ने र तेस्रो देशका वस्तु एक अर्को देशमा पुनः निर्यात गर्न दिनुपर्नेजस्ता सुझाव पनि निक्कीले दिएको छ । त्यसैगरी व्यापारका लागि थप रूट खुलाउन पनि भारतलाई आग्रह गर्नुपर्ने उसको सुझाव छ । दुईपक्षीय वार्तामा नेपालले पारवहन सन्धिमा पनि केही परिवर्तन चाहेको छ । अहिलेको व्यवस्थाअनुसार फूलबारी बंगलाबन्धको बाटोमा निश्चित तौलभन्दा बढीको कार्गो ल्याउन/लैजान प्रतिबन्ध छ । 'यो प्रतिबन्ध हटाउन आग्रह गरिनेछ,' अधिकारीले भने ।

त्यसैगरी, विराटनगरमा इन्टेग्रेटेड चेक पोस्टमा रेलमार्फत सीमित मात्र वस्तु आयात गर्न पाइन्छ । सन् २०२३ मा नवीकरण गरिएको पारवहन सन्धिअनुसार तेस्रो देशबाट रासायनिक मल, कोइला, क्लिंकर र सिमेन्टको बल्क कार्गो मात्र विराटनगरमा ल्याउन पाइन्छ । सीमित वस्तु मात्र हुँदा भारतीय रेलसेवा उपयोग गरेर तेस्रो देशबाट सामान ल्याउन र लैजान नेपाली व्यापारीलाई अप्ठ्यारो भएको छ । 'त्यसैले सबैखाले वस्तुको कार्गो विराटनगर आईसीपीमा ल्याउन आग्रह गरिनेछ,' अधिकारीले भने । त्यसैगरी, ब्युरो अफ इन्डियन स्टचान्डर्ड (बीआईएस) बाट गुणस्तर प्रमाणपत्र दिन भारतले ढिलाइ गर्दा नेपालबाट भारत निकासीमा भइरहेको समस्या समाधान गर्न पनि नेपालले भारतलाई आग्रह गर्नेछ ।

केही महीनादेखि भारतले जुत्ता, सिमेन्ट, प्लाइउड, जस्तापाता र सेनिटरी प्याडजस्ता नेपालमा उत्पादित सामान आयात गर्न ब्युरो अफ स्टचान्डर्ड (बीआईएस) प्रमाणपत्र अनिवार्य गरेको छ । तर, उक्त प्रमाणपत्र दिन वा नवीकरण गर्न ढिलाइ गरिदिनाले नेपालका उत्पादनहरूको भारत निर्यात प्रभावित भएको छ । अधिकारीका अनुसार भारतले नौ प्रकारका दुग्ध पदार्थ र मह आयातमा नेपालले लगाएको प्रतिबन्धप्रति चासो व्यक्त गरेको छ ।

यस विषयमा पनि छलफल हुने अधिकारीले बताए । तर, कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले यी वस्तुमा लगाइएको प्रतिबन्ध फुकाउनेबारे स्पष्ट पारेनन् । 'नेपालमा नपाइने दुग्ध पदार्थ आयातमा प्रतिबन्ध लगाइएको छैन र ती वस्तु आइरहेका छन्,' उनले भने, 'नेपाली किसानको हितमा सरकारले निर्णय लिन्छ ।'

## राष्ट्रिय आवास कम्पनी लि.
**(नेपाल सरकारको पूर्ण स्वामत्वि प्राप्त)**
**योजना कार्यालय, नवलपरासी**

## काठ र दाउरा लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२६**

यस कम्पनीको नाउमा श्रेस्ता कायम रहेको सिसबार ५।ख कि.न. ८ ज.वि. ६-१-५ जग्गामा रहेका रुखहरुको कटान गरी राखिएका काठ र दाउराहरू जे-जस्तो अवस्थामा छ सोहि अवस्थामा सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बढाबढ गरी विक्री गरिने भएको हुँदा इच्छुक फर्म एवं संघ संस्थाहरुले आफूले खरिद गर्न चाहेको मूल्य अंक र अक्षरमा उल्लेख गरी संस्था दर्ता प्रमाण पत्र ,करचुक्ता प्रमाण पत्र र फर्मको दर्ता नवीकरण प्रमाणपत्रको प्रमाणित फोटोकपी सहित प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र कार्यालय समयमा आई तपशिलमा उल्लेखित शर्त र बन्देजमा रहि सिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम दस्तुर रु.३०००/-(पछि फिर्ता नहुने)।
२. बोलपत्र दाताले कबोल गरेको रकमको १०% ले हुने रकम प्रभु बैंक बर्दघाट नवलपरासी स्थित यस कम्पनीको चल्ती खाता नं.०४७०१३८९०४३०००११ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ । बैंक भौचरको पछाडि बोलपत्रदाताको नाम थर ठेगाना उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र यस कम्पनीको योजना कार्यालय, नवलपरासी कार्यालयबाट खरिद गर्न सकिने छ ।
४. बोलपत्र ३०(तिस)औं दिन भित्र कार्यालय समयमा योजना कार्यालय,नवलपरासीमा पेश गरी सक्नु पर्ने छ ।
५. बोलपत्र ३१औं दिन दिनको २ बजे पछि योजना कार्यालय नवलपरासी कार्यालयमा खोलिने छ ।
६. बोलपत्र साथ टिकट दस्तुर बापत रु.१० नगद नत्थी गर्नु पर्ने छ ।
७. बोलपत्र खरिद गर्ने, बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो बोलपत्र खोलिनेछ ।
८. बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले बाँकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृतको सुचना दिइएको मितिले ३५ दिन भित्र सि.नं.२ मा उल्लिखित बैंक खातामा जम्मा गर्नु पर्नेछ ।तोकिएको समय र मिति भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम जफत हुने छ र काठ दाउराको दाबी गर्न पाउने छैन ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कम्पनीमा सुरक्षित रहने छ ।
१०. माथि उल्लेख नभएका अन्य विषयमा कम्पनीको ऐन, नियम एवं प्रचलित कानुन बमोजिम हुनेछ ।
११. विस्तृत जानकारीको लागि योजना कार्यालय नवलपरासी को फोन नं.०७८-४११०१० र ०१-४७९०५२१ मा सम्पर्क गर्न सकिने छ ।

**काठ र दाउराको विवरण**

| सी.न. | काठको विवरण | परिमाण | न्युनत रकम अंकमा | न्युनतम रकम अक्षरमा |
|---|---|---|---|---|
| १ | विभिन्न १३ प्रजातिका रुखका काठ | ८,८६४.०७ क्यू.फि. | रु.२५,७३,४३०।५५ | अक्षरेपी पच्चीस लाख त्रिहत्तर हजार चार सय तिस र पैसा पचपन्न मात्र |
| २ | दाउरा | ८ चट्टा | | |

## सडक डिभिजन जनकपुर
**मुजेलिया, धनुषा**

## बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना

**प्रकाशित मिति :- २०८१।०९।२६**

यस डिभिजनद्वारा मिति २०८१।८।१६ मा प्रकाशित बोलपत्र आह्वानको सूचना नं.**Notice No.: RDJKR/2081-82/7** अनुसार EGP को माध्यमवाट दर्ता भएका बोलपत्रहरु मुल्यांकन समितिबाट बिधिपुर्बक मुल्यांकित हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्ताब न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखि स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ को उपदफा (२) तथा (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | छनौट भएको वोलपत्रदाताको नाम | कबोल अंक ( मु. अ. कर तथा पिएस समेत) |
|---|---|---|---|
| 1 | RDJKR/33701169/081/82/89 | M/S Krishna/Earthcon J.V, Dhanusha | 7,693,676.24 |
| 2 | RDJKR/33701169/081/82/90 | M/S Om Dev Construction, Janakpur-14, Dhanusha | 4,367,889.28 |
| 3 | RDJKR/33701169/081/82/93 | M/S S.K.S.A. Engineering services Pvt. Ltd., Tokha-2, Kathmandu | 5,105,658.12 |
| 4 | RDJKR/33701169/081/82/94 | M/S Sathi Nirman Sewa, Bideha Municipality-9, Dhanusha | 4,474,703.44 |

**डिभिजन प्रमुख**

# माटोका भाँडा बनाउने व्यवसायी समस्यामा

कैलाली । पछिल्लो समय जिल्लामा माटोका भाँडा बनाउने सिपालु कालिगडको अभाव हुन थालेपछि व्यवसायी समस्यामा परेका छन् । युवा शिक्षा तथा वैदेशिक रोजगारीका लागि बाहिर जानु, पुस्तान्तरण नहुनु, भाँडा बनाउने माटो सहजै नपाउनुलगायत कारणले कालिगड पेशा संकटमा परेसँगै व्यवसायी समस्यामा परेका हुन् ।



**प्लास्टिकका भाँडा तथा अन्य सामग्री प्रयोग गर्न सहज हुने र जहाँ पनि पाइने हुँदा परम्परागत माटाका भाँडाको व्यापार घटेको धनगढीका व्यवसायी अरविनप्रसाद कलवाराले बताए ।**

दक्ष कालिगडको कमी र भाँडा बनाउन आवश्यक पर्ने माटो सहजै पाउन छोडेपछि पूर्वी नेपालको बिर्तामोड र भारतबाट माटोका विभिन्न तयारी भाँडा ल्याएर विक्री गरिरहेको भाँडा व्यवसायी गणेश शाहले बताए । 'पहिले धनगढीमा माटोका भाँडा बनाउने कालिगड जहाँतहीँ हुन्थे, माटो पनि आवश्यकताअनुसार सहजै उपलब्ध हुन्थ्यो । स्थानीयस्तरमा बनाइएको भाँडा विक्री गर्न सहज पनि थियो,' उनले भने, 'पछिल्लो समय बाहिरबाट तयारी भाँडा ल्याएर विक्री गर्दा उपभोक्ता विश्वास पनि कम गर्ने भएकाले व्यापार घटेको छ ।' भारतबाट ल्याउने गरेका माटोको भाँडा भन्सार तिरेर आयात गर्नुपर्ने भएकाले महँगो पनि पर्न गएको भन्दै शाहले यसरी व्यापार गर्दा मुनाफा पनि नहुने बताए ।

आधुनिकतासँगै बजारमा विभिन्न आकर्षक स्वरुपमा प्लास्टिकका रंगी-बिरंगी भाँडा सहजै पाइन थालेपछि पहिलेको तुलनामा माटोका भाँडाले बजार पाउन छोडेको धनगढीको कृष्णनगरकी व्यवसायी नीलमदेवी कलवाराले बताइन् । 'केही वर्ष पहिले दैनिक ५ हजारदेखि १० हजार रुपैयाँसम्मको कारोबार हुन्थ्यो, अहिले दैनिक हजारदेखि ३ हजारसम्मको कारोबार हुन्छ,' उनले भनिन् ।

लामो समयदेखि माटोका भाँडासम्बन्धी व्यवसाय गर्दै आएकी कलवाराले पछिल्लो समय विक्री घटेसँगै व्यवसाय संकटमा पर्न थालेको गुनासो गरिन् । 'पहिलेको तुलनामा कारोबार घटेपछि जीविकोपार्जनमा समस्या हुन थालेको छ । यो व्यवसायबाट खर्च चलाउन मुश्किल हुन थालेपछि अहिले गर्मी मौसममा गन्नाको जुस र जाडोमा ठेलामा अण्डा विक्री गर्न थालेकी छु,' उनले भनिन् ।

स्थानीयस्तरमा भाँडा बनाउने माटो पाउन छोडेपछि भारतको लखिमपुरसहितका शहरबाट तयारी भाँडा ल्याएर विक्री गरिरहेको कलवाराले जानकारी दिइन् । 'पहिले माटोका भाँडा बनाउने भट्टा यहाँ थुप्रै थिए, हिजोआज माटो पाउन छोडेपछि बाहिरबाट भाँडा ल्याउँदा महँगोमा विक्री गर्नु पर्छ,' उनले भनिन् ।

प्लास्टिकका भाँडा तथा अन्य सामग्री प्रयोग गर्न सहज हुने र जहाँ पनि पाइने हुँदा परम्परागत माटाका भाँडाको व्यापार घटेको धनगढीका व्यवसायी अरविनप्रसाद कलवाराले बताए । 'पहिलेभन्दा अहिले व्यापार धेरै घटेको छ, यही अवस्था रहे यो पेशा लोप हुने जोखिम बढेको छ,' उनले भने ।

स्थानीय सरकारले माटोका भाँडा बनाउने शीप पुस्तान्तरण गर्न र यो पेशा संरक्षण गर्न अभियान सञ्चालन गर्नुपर्नेमा अरविनप्रसादले जोड दिए । 'माटोबाट निर्मित भाँडा टुटफुट बढी हुने भएकाले प्रयोगकर्ता घट्न थालेका छन् । घरघरमा सिमेन्टका गमला प्रयोग हुँदा पनि माटोका भाँडाको माग घटेको हो,' उनले भने ।

अहिले गाग्री २०० देखि ५००, गमला १०० देखि २००, खुत्रुके ३० देखि ३०० र कलश १५ देखि ५० रुपैयाँमा विक्री भइरहेको उनले जानकारी दिए । *रासस*

Government of Madhesh Province
Ministry of Land Management Agriculture & Co-operative
**Directorate of Livestock and fisheries Development**
## Fisheries Development Centre, Lahan
**Siraha, Nepal**

**Invitation for Electronic Bids of**

**Second Date of Publication: 10th Jan-2025**

1. Fisheries Development Centre, Lahan invites electronic sealed quotations for the Construction of inner wall of pond Contract ID: FDC/WORKS/SQ/02/2081-082. The estimated amount for the works is 1,270,970.22 (Exclusive of VAT, PS and Contingencies)
2. Bidding documents can be downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents NRS 1000.00
   Name of the Bank: Rastriya Banijya Bank, Siraha . A/C no. 1000200010000, Office Code No. 3120216022
   Name of Office: Fisheries Development Centre, Lahan, Revenue Sirsak No. 14229
3. Electronic sealed Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 Hour 26th Jan-2025
4. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 26th Jan-2025, 14:00 hours at the office of Fisheries Development Center, Siraha, Bids must be valid for a period of 45 days after bid opening and must be Accompanied by a bid security amounting to a minimum of NRs.37,000.00 which shall be valid for 30 days beyond the validity Period of the bid i.e. 75 days... In case of alternative, cash can deposit in following Account.
   Name of the Bank: Rastriya Banijya Bank, Siraha, Office Code No: - 3120216022,
   Account No- : 2130100202030000
5. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
6. For further details, please visit www.bolpatra.gov.np, Mobile No. 98528331114 in office time.

**Chief Officer**
**FDC, lahan, Siraha**

## Civil Aviation Authority of Nepal
## Electromechanical Department
**Sinamangal, Kathmandu, Nepal**

**Invitation for Bids**

**Date of publication: 26th Poush 2081 (10th January 2025)**

1. Civil Aviation Authority of Nepal, Electro Mechanical Department (EMD) invites electronic bids from eligible bidders for the following procurement under **National Competitive Bidding – Single Stage Single Envelope procedures.**

| S. N. | Bid Notice No. | Contract Name | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | NCB-05-EMD-EE-081/82 | Supply, Delivery and Replacement of Batteries for 60KVA UPS at Different Domestic Airports | 3,000.00 +VAT | 2,77,775.00 | before 12:00 hour NST, 27th Magh 2081 (9th February 2025) | 13:00 hour NST, 27th Magh 2081 (9th February 2025) |
| 2 | NCB-06-EMD-EE-081/82 | Supply, Delivery and Installation of Aerodrome Beacon Light at Nepalgunj Airport | 3,000.00 +VAT | 48,500.00 | before 12:00 hour NST, 27th Magh 2081 (9th February 2025) | 13:00 hour NST, 27th Magh 2081 (9th February 2025) |
| 3 | NCB-07-EMD-EE-081/82 | Supply and Delivery of General Electrical Spare Parts at Different Domestic Airports | 3,000.00 +VAT | 105,865.00 | before 12:00 hour NST, 27th Magh 2081 (9th February 2025) | 13:00 hour NST, 27th Magh 2081 (9th February 2025) |

2. Eligible Bidders may obtain further information at the office of **Civil Aviation Authority of Nepal, Electromechanical Department, Sinamangal, Kathmandu, Nepal**. Ph. No. 977-1-5718021, Ext-305. or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Name of the Bank: NMB Bank, Babarmahal, Kathmandu
   Name of Office: Civil Aviation Authority of Nepal
   Office Account No.: 0010012611500043
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

# समता घरेलु लघुवित्तको लाभांश प्रस्ताव

काठमाडौं (अस)। समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल ५ दशमलव २६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ।

पुस २४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ५ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि शून्य दशमलव २६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो।

हाल कम्पनीको चुक्तापूँजी ५९ करोड ९० लाख ९६ हजार रुपैयाँ छ। सोही पूँजीको आधारमा नेपाल राष्ट्र बैंकको स्वीकृति र कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि शेयरधनीले लाभांश प्राप्त गर्नेछन्।

गत वर्ष कम्पनीले ५ दशमलव ४२ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि शून्य दशमलव २९ प्रतिशत नगद लाभांश वितरण गरेको थियो।


## तेस्रो वार्षिक साधारण सभा हुने बारे सूचना

यस **वेलकम बहुउद्देश्यीय सहकारी संस्था लि. (बचत तथा ऋण)** को मिति २०८१/०९/११ गते बिहिबारका दिन संचालक समितिको ८७ औं बैठकको निर्णयनुसार यस संस्थाको **तेस्रो वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरुलाई पत्रद्वारा १५ दिन अगावै जानकारी गराई सकिएको र कथंकदाचित कुनै सदस्य महानुभावहरुज्यूले सो पत्र प्राप्त नगर्नु भएको खण्डमा यसै सूचनालाई आधार मानी साधारण सभामा अनिवार्य उपस्थिती भई दिनहुन अनुरोध गर्दछौं।

**कार्यक्रम**

मिति : २०८१ साल माघ ५ गते, शनिबार
स्थान : नायपाचो मार्ग, ISS Complex
समय : बिहान ९:३० बजे

**वेलकम बहुउद्देश्यीय सहकारी संस्था लि.**
नायपाचो मार्ग, लगन २१, काठमाडौं, फोन नं. ०१-५३४८२२५


# पिपुल्स पावरले बोलायो साधारणसभा

काठमाडौं (अस)। पिपुल्स पावर लिमिटेडले आगामी माघ २० गते आठौं वार्षिक साधारणसभा बोलाएको छ।

पुस २४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले काठमाडौंको जाल्पाचोकस्थित पारिजात पार्टी प्यालेसमा बिहान १० बजे सभा गर्ने निर्णय गरेको हो। सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ। संस्थागत सुशासनसम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने विषय पनि सभाका लागि तय भएको छ। सभा प्रयोजनका लागि कम्पनीले माघ ६ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा अघिल्लो कारोबार दिनसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन योग्य हुनेछन्।

# महुली लघुवित्तले लाभांश वितरण नगर्ने

काठमाडौं (अस)। महुली लघुवित्त वित्तीय संस्था लिमिटेडले यस वर्ष लाभांश वितरण नगर्ने भएको छ।

पुस २४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष २०८०/८१ सम्म कायम रहेको वितरणयोग्य मुनाफा संचित गरी यस वर्ष पनि लाभांश वितरण नगर्ने निर्णय गरेको हो। सोही बैठकले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरण भने आगामी वार्षिक साधारणसभामा पेश गर्न नेपाल राष्ट्र बैंकसँग स्वीकृति लिने निर्णय पनि गरेको छ।

यसअघि आर्थिक वर्ष २०७८/७९ सम्म निरन्तर लाभांश वितरण गर्दै आएको कम्पनीले पछिल्लो दुई वर्ष लाभांश वितरण नगरेको हो। आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट कम्पनीले १४ दशमलव २५ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि शून्य दशमलव ७५ प्रतिशत नगद लाभांश वितरण गरेको थियो।


## बित्थडचिर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझांग
सुदूरपश्चिम प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८१/०९/२६)

यस कार्यालय बाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन् आएका दरभाउपत्रहरु मध्ये तपशिल अनुसारको दरभाउदाताले पेश गरेको दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | दरभाउपत्रको नम्बर र कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर सहित) | सूचना प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|
| १. | 06/BCRM/2081/82 Procurement for Supply and Delivery of Sanitary Pad. | Bhusal Trade and Suppliers, Tilottama-05, Rupandehi | Nrs. 5,21,314.20 | २०८१/०९/०२ मध्यान्ह राष्ट्रिय दैनिक |

**प्रमुख प्रशासकीय अधिकृत**




## सुनौलो आयाम बचत तथा ऋण सहकारी संस्था लि.
नागार्जुन न.पा १०, कलंकी, काठमाडौं

## कर्जा चुक्ता गर्नेबारे ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८१/०९/२६**

यस संस्थाबाट ऋण लिने तपसिल बमोजिमका ऋणी सदस्यहरुले ऋण लिंदा गरिदिएको लिखित तथा शर्तनामामा तोकिए अनुसार बुझाउनु पर्ने सावाँ, ब्याज समेतका रकमहरु नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लंघन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक-पटक तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण दायित्व फर्छ्यौट गर्नेतर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज लगायतका रकम एकमुष्ट चुक्ता फछ्यौँट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणी तथा व्यक्तिगत धनजमानी बस्ने आफ्नै वा एकासगोलको परिवारको नाउँमा नेपालभर भएको अन्य चलअचल सम्पति समेतबाट सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र जमानीकर्तालाई कालोसूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाइने व्यहोरा ऋणी र जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ।

| क्र.स. | | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको विवरण | | फोटो |
|---|---|---|---|---|
| १ | ऋणी | **ऋणिको नाम : कमल कुमार मास्के**<br>बाबुको नाम : कुमार मास्के<br>बाजेको नाम : प्रेममान मास्के<br>हालको ठेगाना : का.मा.न.पा. १३ बाफल काठमाडौं | नागरिकता नं. :१/१३०९<br>जारि जिल्ला : कपिलबस्तु<br>व.डा/न. पा नं.: ३ मास्के टोल<br>जन्म मिति : २०३६/७/३० |  |
| | जमानी | **जमानीको नाम : निरन श्रेष्ठ**<br>बाबुको नाम : रुद्रकुमार श्रेष्ठ<br>बाजेको नाम :<br>हालको ठेगाना : का.मा.न.पा. १३ बाफल काठमाडौं | नागरिकता नं.: १४०६७८<br>जारि जिल्ला : गोरखा<br>व.डा/न. पा नं.: ७ आँपपिपल<br>जन्म मिति : २०४३/१२/४ |  |
| २ | ऋणी | **ऋणिको नाम : भैरव प्रसाद रौनियार**<br>बाबुको नाम :विहारी प्रसाद रौनियार<br>बाजेको नाम : ब्याज प्रसाद रौनियार<br>हालको ठेगाना :का.मा.न.पा.२६ रञ्जना गल्ली | नागरिकता नं.:०६३००८/०४२<br>जारि जिल्ला : सुनसरी<br>व.डा/न. पा नं.: ८ दुहवी<br>जन्म मिति : २०१४/०१/१५ |  |
| | जमानी | **जमानीको नाम : सुरेश रौनियार**<br>बाबुको नाम : भैरव प्रसाद रौनियार<br>बाजेको नाम : विहारी प्रसाद रौनियार<br>हालको ठेगाना : का.मा.न.पा.२६ रञ्जना गल्ली | नागरिकता नं.:०६१००९/१४००२३<br>जारि जिल्ला : सुनसरी<br>व.डा/न. पा नं.: ८ दुहवी<br>जन्म मिति : २०४१/०६/१२ |  |
| ३ | ऋणी | **ऋणिको नाम : मनोज रौनियार**<br>बाबुको नाम : भैरव प्रसाद रौनियार<br>बाजेको नाम : विहारी प्रसाद रौनियार<br>हालको ठेगाना : का.मा.न.पा.२६ रञ्जना गल्ली | नागरिकता नं.:०६१००९/१३९९६०<br>जारि जिल्ला : सुनसरी<br>व.डा/न. पा नं.: ८ दुहवी<br>जन्म मिति : २०३५/०९/०४ |  |
| ४ | ऋणी | **ऋणिको नाम : आफताब आलम**<br>बाबुको नाम : रफिक मिया<br>बाजेको नाम : ओला मिया<br>हालको ठेगाना : कलंकी काठमाडौं | नागरिकता नं.: ५५२७१८१५<br>जारि जिल्ला : पर्सा<br>व.डा/न. पा नं.: ६ लिपनीनिर्ता<br>जन्म मिति : २०३८/०५/१५ |  |
| | जमानी | **जमानीको नाम : तेज कुमारी आचार्य खातुन**<br>बाबुको नाम : विष्णु प्रसाद आचार्य<br>पतिको नाम : आफताब आलम<br>हालको ठेगाना : कलंकी काठमाडौं | नागरिकता नं.:३४३०४७/१९<br>जारि जिल्ला : पर्सा<br>व.डा/न. पा नं.: ६ लिपनीविर्ता<br>जन्म मिति : २०४६/११/२५ |  |
| ५ | ऋणी | **ऋणिको नाम : राजेश कुमार झा**<br>बाबुको नाम : त्रिलोचन कुमार झा<br>बाजेको नाम : पिताम्बर झा<br>हालको ठेगाना : ललितपुर २ कुपण्डोल | नागरिकता नं.: ४४५७<br>जारि जिल्ला : सप्तरी<br>व.डा/न. पा नं.: ३ राजविराज<br>जन्म मिति : २०३०/०५/२५ |  |
| ६ | ऋणी | **ऋणिको नाम : हरि शरण दर्जी**<br>बाबुको नाम : अर्जुन दर्जी<br>बाजेको नाम : कल बहादुर दर्जी<br>हालको ठेगाना : स्यूचाटार काठमाडौं | नागरिकता नं.: २५३०२५/३०२<br>जारि जिल्ला : नुवाकोट<br>व.डा/न. पा नं.: ८ नर्जामण्डप<br>जन्म मिति : २०४७/०५/२५ |  |
| | जमानी | **जमानीको नाम : यशोदा परियार**<br>बाबुको नाम : गोबिन्द परियार<br>पतिको नाम : हरि शरण दर्जी<br>हालको ठेगाना :८ नर्जामण्डप नुवाकोट | नागरिकता नं.: २५-०१-७१-०५८०३<br>जारि जिल्ला : नुवाकोट<br>व.डा/न. पा नं.: ८ नर्जामण्डप<br>जन्म मिति : २०५०/०४/२० | |


**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ जनवरी ९)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७७,६२०.२१ | -०.६८% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,५२६.५० | -०.६९% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३९,६०५.०९ | -०.९४% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | १९,२४०.८९ | -०.२०% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,२११.३९ | -०.५८% |

**विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस २५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १६९९ | १९२० | ३६२.६ |
| २ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १२१५.१ | १३०५.६ | ३२३ |
| ३ | सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ११५० | १२९२.३ | २४२.१ |
| ४ | सिन्धु विकास बैंक लिमिटेड | १०९९ | ११३०.२ | २९४ |
| ५ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | ९६८ | १४३३ | ३९०.१ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६६५ | ८४३.५ | ३७५ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ६०८ | ७७४ | ३३४.५ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४६६ | ५६० | ३६१ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४३७ | ५६४.८ | ३३० |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४२० | ६२५ | ३५३ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०० | ४९७ | २८५ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ३९७ | ५३१.४ | ३५० |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३८० | ४९८ | ३०८ |
| १४ | ज्योति विकास बैंक लिमिटेड | ३७२ | ४४५ | २७५ |
| १५ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३७२ | ४८२ | ३३२.४ |

**जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस २५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | १११८ | २४७५ | ११०५.७ |
| २ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७८२ | १०६० | ५६६ |
| ३ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७३० | ८२५ | ५२३ |
| ४ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६९५ | ७३१ | ४१८.५ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६३२.१ | ७०८ | ४४७.२ |
| ६ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ५८७ | ७३२.२ | ४७३ |
| ७ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५८१.५ | ७७६.१ | ५२१.३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ५१० | ६१२ | ४१० |
| ९ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४८०.१ | ६०६ | ४१२.५ |
| १० | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४५५ | ६४४ | ३९५.१ |
| ११ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४५१ | ६०७ | ३६४.१ |
| १२ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | ४३० | ६५४ | ४१२.१ |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस २५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | तारागाउँ रिजेन्सी होटल्स लि. | ११६७ | १५३८ | ६९५.१ |
| २ | कालिञ्चोक दर्शन लिमिटेड | ११२५ | १३८१ | ७३५ |
| ३ | चन्द्रागिरि हिल्स लिमिटेड | ९०८.९ | १३६० | ७६० |
| ४ | ओरियण्टल होटल्स लिमिटेड | ९०८ | १२०५ | ७०४ |
| ५ | सिटि होटल लिमिटेड | ९०१ | ११६८.५ | ५५९ |
| ६ | सोल्टी होटल लिमिटेड | ४९२ | ६३६.५ | ४१६.५ |

**धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका म्युचुअल फण्ड**

| क्र.सं. | म्युचुअल फण्डको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | योजना व्यवस्थापक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एनआईसी एशिया इक्विटी लिङ्क्ड इन्भेष्टमेण्ट स्किम | १००,०००,००० | १० | एनआईसी एशिया क्यापिटल लिमिटेड | २०८० असार ३१ |
| २ | सिटिजन्स सदाबाहार योजना | ५०,०००,००० | १० | गरिमा क्यापिटल लिमिटेड | २०८१ असोज २ |
| ३ | एमबिएल इक्विटी फण्ड | १२०,०००,००० | १० | माछापुच्छ्रे क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| ४ | रिलायबल समृद्धि योजना | १००,०००,००० | १० | रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १२ |
| ५ | आरविवि फोकस ४० | १००,०००,००० | १० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस १४ |
| ६ | सिटिजन्स सन्तुलित योजना | १००,०००,००० | १० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस १९ |
| ७ | हिमालयन दीर्घकालीन बचत योजना | १००,०००,००० | १० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत १९ |
| ८ | एनआई ३१ | १५,०००,००० | १० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०७९ चैत १६ |
| ९ | सानिमा फ्लेक्सी फण्ड | १००,०००,००० | १० | सानिमा क्यापिटल लिमिटेड | २०८० असार १७ |
| १० | ग्लोबल आइएमई समुन्नत योजना-२ | १२०,०००,००० | १० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ चैत १९ |
| ११ | प्रभु सिस्ट्मेटिक इन्भेष्टमेण्ट स्किम | ४०,०००,००० | १० | प्रभु क्यापिटल लिमिटेड | २०७९ कात्तिक ३० |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | ट्रेड टावर लिमिटेड | १,१५८,९८० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लि. | २०७९ असार १४ |
| २ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| ३ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ४ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ५ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लिमिटेड | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ६ | पियोर इनर्जी लिमिटेड | १,६००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. | २०८० माघ २९ |
| ७ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ जेठ २१ |
| ८ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ९ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| १० | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ भदौ २० |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ भदौ २४ |
| ३ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| ४ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ५ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुवित्त समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. | ८०,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. | २०८० माघ २४ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्गस लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| २ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एसवाई प्यानल नेपाल लिमिटेड | ५,२३२,५४८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज १९ |
| ४ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ५ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | ओम मेगाश्री फर्मास्यूटिकल्स लि. | १,८००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ९ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| १० | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| ११ | सोपन फर्मास्यूटिकल्स लिमिटेड | १,१००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ असार ३० |
| १२ | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| १३ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १४ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १५ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |
| १६ | एभरेष्ट कलर लिमिटेड | ७८०,००० | ५० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २८ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एपेक्स हस्पिटालिटी लिमिटेड | २,४००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० असोज १२ |
| २ | होटल फरेष्ट इन लिमिटेड | ९,८००,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० कात्तिक १५ |
| ३ | अर्किड होल्डिङ्गस लिमिटेड | ११,५००,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० मङ्सिर १३ |
| ४ | अन्नपूर्ण केबल कार लिमिटेड | ३,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस १६ |
| ५ | बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड | ३,०६०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २२ |
| ६ | अकामा होटल लिमिटेड | ४,५००,००० | ५० | सानिमा क्यापिटल लिमिटेड | २०८१ असार २६ |
| ७ | ठमेल प्लाजा होटल एण्ड सुइट्स लि. | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक २१ |

# ६ कारोबार दिनपछि घट्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

लगातार ६ कारोबार दिन बढेपछि साताको अन्तिम कारोबार दिन बिहीवार नेप्से शून्य दशमलव ६८ प्रतिशत घटेर बन्द भएको छ। नेप्से २ हजार ६३५ दशमलव शून्य ९ विन्दुमा कायम भएको हो। लगातार बढेको बजारमा प्रोफिट बुक गर्ने हाबी भएसँगै बजार घटेको हो।

कारोबार रकम भने अघिल्लो कारोबार दिनको तुलनामा बढेको छ। अघिल्लो कारोबार दिन रू. ६ अर्ब ४० करोड बराबरको कारोबार भएकोमा बिहीवार रू. ७ अर्ब ३० करोड बराबरको कारोबार भएको हो।

कारोबारमा आएका धितोपत्रमध्ये दुई धितोपत्रको मूल्यमा सकारात्मक सर्किट लागेको छ। बाराही हाइड्रोपावर पब्लिक र हिमालयन पावर पार्टनरको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले वृद्धि भएसँगै सकारात्मक सर्किट लागेको हो। बाराही हाइड्रोपावरको शेयर मूल्य प्रतिकित्ता रू. ८४७ र हिमालयन पावरको रू. ४५४ दशमलव ३० पुगेको छ।

बिहीवार सबैभन्दा बढी सप्तकोशी डेभलपमेन्ट बैंकका शेयरधनीले गुमाएका छन्। यस बैंकको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा ९ दशमलव २३ प्रतिशत घटेसँगै धेरै गुमाएका हुन्। शेयर मूल्य प्रतिकित्ता रू. १ हजार १५० कायम भएको छ। त्यस्तै दोस्रोमा माया खोला हाइड्रोपावर कम्पनीको शेयर मूल्य ८ दशमलव ४६ प्रतिशत घटेर रू. ५५१ दशमलव १० मा झरेको छ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा सुपर मादी हाइड्रोपावरले ओगटेको छ। यस कम्पनीको रू. ४४ करोड ८८ लाख बराबरको शेयर कारोबार भएको हो। शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ४९२ कायम भएको छ। सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा सिनर्जी पावर डेभलपमेन्टको रू. २८ करोड ३२ लाख बराबरको कारोबार भएको हो।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये होटल तथा पर्यटन समूहको सूचक शून्य दशमलव ९९ प्रतिशत वृद्धि भएको छ। बाँकी सबै समूहको परिसूचक घटेको छ। सबैभन्दा बढी वित्त समूहको सूचक २ दशमलव ९३ प्रतिशत घटेको छ।

**बजार पूँजीकरण घट्यो**

बिहीवार बजार पूँजीकरण रू. ३० अर्ब ९ करोडले घट्दै रू. ४३ खर्ब ७० अर्ब ८२ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ९१ करोड थियो।

**सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बिहीवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ५० दशमलव ८४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ७१ करोड ३९ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा विकास बैंक समूह रहेको छ। उक्त समूहको रू. ९१ करोड ३ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ६५ बाट सर्वाधिक कारोबार**

बिहीवारको बजारमा ब्रोकर नं. ६५ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. १ अर्ब १८ करोड ८५ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ७० करोड ४६ लाख बराबरको धितोपत्र बिक्री भएको छ भने रू. ४८ करोड ३८ लाख बराबरको धितोपत्र खरीद भएको छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ५८ रहेको छ। जसबाट बिहीवारको बजारमा रू. ७७ करोड ७१ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | ८४७.०० | १०.०० | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १,१५०.०० | -९.२३ |
| हिमालयन पावर पार्टनर लिमिटेड | ४५४.३० | १०.०० | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५५१.१० | -८.४६ |
| रिभर फल्स पावर लिमिटेड | १,४४०.०० | ८.१९ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १,९१५.०० | -७.४९ |
| न्यादी हाइड्रोपावर लिमिटेड | ६९०.०० | ७.६४ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ७१४.०० | -६.०५ |
| १०% केबिएल डिबेन्चर २०९० | १,२२५.०० | ५.६० | पोखरा फाइनान्स लिमिटेड | ५५०.०० | -५.६० |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३७१.३९ | ५०.८४ |
| २ | विकास बैंक | ९१.०३ | १२.४६ |
| ३ | वित्त | ७१.४३ | ९.७८ |
| ४ | बैंकिङ्ग | ४१.०५ | ५.६२ |
| ५ | लघुवित्त | ३३.३८ | ४.५७ |
| ६ | लगानी | ३०.६५ | ४.२० |
| ७ | जीवन बीमा | २२.१९ | ३.०४ |
| ८ | होटल तथा पर्यटन | २०.३९ | २.७९ |
| ९ | निर्जीवन बीमा | १५.३६ | २.१० |
| १० | अन्य | १३.४० | १.८३ |
| ११ | उत्पादन तथा प्रशोधन | ११.४९ | १.५७ |
| १२ | संस्थापक शेयर | ३.९६ | ०.५४ |
| १३ | म्युचुअल फण्ड | २.३५ | ०.३२ |
| १४ | व्यापार | २.०३ | ०.२८ |
| १५ | ऋणपत्र | ०.३६ | ०.०५ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | होटल तथा पर्यटन | ६,६९६.३५ | ०.९९ |
| २ | म्युचुअल फण्ड | २०.२८ | -०.२१ |
| ३ | निर्जीवन बीमा | १२,५७९.३० | -०.३४ |
| ४ | लगानी | १०१.२४ | -०.३७ |
| ५ | जलविद्युत् | ३,६७४.६२ | -०.३८ |
| ६ | बैंकिङ्ग | १,३८४.६० | -०.४३ |
| ७ | अन्य | १,९२१.९६ | -०.४४ |
| ८ | व्यापार | ४,४६१.५८ | -०.७४ |
| ९ | उत्पादन तथा प्रशोधन | ६,७६९.६० | -०.८४ |
| १० | जीवन बीमा | १२,७२०.४० | -१.१४ |
| ११ | लघुवित्त | ४,९५६.१७ | -१.२५ |
| १२ | विकास बैंक | ५,४८८.०९ | -२.०४ |
| १३ | वित्त | ३,०३३.०४ | -२.९३ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ६५ | ४८.३८ | ७०.४६ | ११८.८५ |
| ५८ | २९.६४ | ४८.०७ | ७७.७१ |
| ७२ | ३०.४२ | २५.६१ | ५६.०३ |
| ४९ | २५.१६ | २७.७१ | ५२.८७ |
| ४५ | २७.५९ | १९.४२ | ४७.०१ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| सुपर मादी हाइड्रोपावर लिमिटेड | ४४.८८ | १,४९२.०० |
| सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | २८.३२ | ३५८.०० |
| सिन्धु विकास बैंक लिमिटेड | २५.२४ | १,०९९.०० |
| हिमालयन पावर पार्टनर लिमिटेड | १९.८८ | ४५४.३० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १७.५५ | १,०८६.०० |

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०९/२६)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सो को कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तानगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

१ **ऋणीको नाम र ठेगानाको विवरण (भैरहवा शाखा, रुपन्देही)**

शुभकान्त झाको नाति, नवल कुमार झाको छोरा, कपिलवस्तु जिल्ला वहादुरगंज गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ४/०२/९९६८ (जारी मितिः २०६२/०२/२३, स्थान कपिलवस्तु) भएको **प्रशान्त झा।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. कृष्ण लाल झाकी छोरी, शुभकान्त झाकी बुहारी, नवल कुमार झाकी श्रीमती, कपिलवस्तु जिल्ला वहादुरगंज गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ५०/१४७ (जारी मितिः २०४६/०२/०४, स्थान कपिलवस्तु) भएकी **विभा झा।**
२. जितेन्द्र झाकी छोरी, नवल कुमार झाकी बुहारी, प्रशान्त झाकी श्रीमती, कपिलवस्तु जिल्ला कृष्णनगर न.पा वडा नं ९ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ३८/०२/७५/०३१०५ (जारी मितिः २०७५/०८/२७, स्थान कपिलवस्तु) भएकी **निकी कुमारी झा।**
३. शुभकान्त झाको नाति, नवल कुमार झाको छोरा कपिलवस्तु जिल्ला वहादुरगंज गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ४/०२/९९६७ (जारी मितिः २०६२/०२/२३, स्थान कपिलवस्तु) भएको **राजीव झा।**
४. भक्त राज जोशीकी छोरी, नवल कुमार झाकी बुहारी, राजीव झाकी श्रीमती, बर्दिया जिल्ला बनहागा गा.वि.स. वडा नं ८ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ३८६२३ (जारी मितिः २०६३/०८/०४, स्थान बर्दिया) भएकी **श्रृति शर्मा।**

२ **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (भैरहवा शाखा, रुपन्देही)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग वाणिज्य कार्यालयमा मिति २०७३/०५/२० मा प्रा.फ.र.नं. ३७८३३/०७३ अन्तर्गत दर्ता भएको **प्रशान्त ट्रेड एण्ड सप्लायर्स।**
ठेगानाः रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६, बैक कलोनी, रुपन्देही।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
शुभकान्त झाको नाति, नवल कुमार झाको छोरा, कपिलवस्तु जिल्ला वहादुरगंज गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ४/०२/९९६८ (जारी मितिः २०६२/०२/२३, स्थान कपिलवस्तु) भएको **प्रशान्त झा।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. जितेन्द्र झाकी छोरी, नवल कुमार झाकी बुहारी, प्रशान्त झाकी श्रीमती, कपिलवस्तु जिल्ला कृष्णनगर न.पा वडा नं ९ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ३८/०२/७५/०३१०५ (जारी मितिः २०७५/०८/२७, स्थान कपिलवस्तु) भएकी **निकी कुमारी झा।**
२. भक्त राज जोशीकी छोरी, नवल कुमार झाकी बुहारी, राजीव झाकी श्रीमती, बर्दिया जिल्ला बनहागा गा.वि.स. वडा नं ८ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ३८६२३ (जारी मितिः २०६३/०८/०४, स्थान बर्दिया) भएकी **श्रृति शर्मा।**
३. कृष्ण लाल झाकी छोरी, शुभकान्त झाकी बुहारी, नवल कुमार झाकी श्रीमती, कपिलवस्तु जिल्ला वहादुरगंज गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ५०/१४७ (जारी मितिः २०४६/०२/०४, स्थान कपिलवस्तु) भएकी **विभा झा।**

**तपसिल**

३ **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (भैरहवा शाखा, रुपन्देही)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य, आपूती तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूती तथा उपभोक्ता संरक्षण कार्यालयमा मिति २०७७/०३/१५ मा प्रा.फ.र.नं. ४६५४८/०७६ भारत आयत अन्तर्गत दर्ता भएको **अर्नभ ट्रेडस।**
ठेगानाः रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६, बैक कलोनी, रुपन्देही।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
जितेन्द्र झाकी छोरी, नवल कुमार झाकी बुहारी, प्रशान्त झाकी श्रीमती, कपिलवस्तु जिल्ला कृष्णनगर न.पा वडा नं ९ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ३८/०२/७५/०३१०५ (जारी मितिः २०७५/०८/२७, स्थान कपिलवस्तु) भएकी **निकी कुमारी झा।**

३ **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

शुभकान्त झाको नाति, नवल कुमार झाको छोरा, कपिलवस्तु जिल्ला वहादुर गंज गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ४/०२/९९६८ (जारी मितिः २०६२/०२/२३, स्थान कपिलवस्तु) भएको **प्रशान्त झा।**

**प्रशान्त झा, प्रशान्त ट्रेड एण्ड सप्लायर्स र अर्नभ ट्रेडस को संयुक्त धितोको विवरण**

कपिलवस्तु जिल्ला वहादुरगंज गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थानगर न.पा वडा नं ६, बस्ने, **प्रशान्त झा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला सिद्धार्थागर न.पा वडा नं ६ नक्सा सिट नं १०४०१९७२३ मा अवस्थित कि.नं. ५७ क्षेत्रफल ८६.०५ वर्ग मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४ **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (कुमारीपाटी शाखा, ललितपुर)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा मिति २०७६/०८/०९ मा प्रा.फ.र.नं. १५२३४८/०७६/७७, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **रज्जु इम्पेक्स।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २२ वटु, काठमाडौं।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
गोपाल श्रेष्ठकी छोरी, माधव राज श्रेष्ठकी बुहारी, राज कुमार श्रेष्ठकी श्रीमती, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. १५४० (जारी मितिः २०५३/०४/२४, स्थान काठमाडौं) भएकी **बिनिता श्रेष्ठ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. दाभ राज श्रेष्ठको नाति, माधव राज श्रेष्ठको छोरा, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १० स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ७६३९/४९९८३ (जारी मितिः २०४७/१२/०५, स्थान काठमाडौं) भएको **राज कुमार श्रेष्ठ।**
२. माधव राज श्रेष्ठको नाति, राज कुमार श्रेष्ठको छोरा, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १० स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. २७-०१-७३-०९७११ (जारी मितिः २०७३/०७/०५, स्थान काठमाडौं) भएको **श्रीजन श्रेष्ठ।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८१/०९/२६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८१/१०/१२ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्धारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण**

**१. ऋणीको नामः ढाकामाया न्यौपाने** — **कर्जा शिर्षकः** आवास कर्जा र सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ४२२०२२/३०७०१ (२०६४/१०/०३/स्याङ्जा), बाबुको नामः तिलाचन गौडेल, ससुराको नामः घनश्याम न्यौपाने, पतिको नामः टीकाराम न्यौपाने, ठेगानाः स्याङ्जा जिल्ला, पकवादी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. टीकाराम न्यौपानेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७९० (२०४४/१२/०३/स्याङजा), बाजेको नामः नारायण प्रसाद न्यौपाने, बाबुको नामः घनश्याम न्यौपाने, ठेगानाः स्याङ्जा जिल्ला, पकवादी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४।
**ख. लेखनाथ न्यौपानेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४२२०२२/३९४ (२०६८/०८/२९/ स्याङजा), बाजेको नामः घनश्याम न्यौपाने, बाबुको नामः टीकाराम न्यौपाने, ठेगानाः स्याङ्जा जिल्ला, पकवादी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४।
**लिलाम हुने धितोको विवरणः**
तिलाचन गौडेलको छोरी, घनश्याम न्यौपानेको बुहारी, टीकाराम न्यौपानेको पत्नी, स्याङ्जा जिल्ला, पकवादी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ बस्ने **ढाकामाया न्यौपाने**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, तिलकपुर गा.वि.स./न.पा. वडा नं. ३/ख स्थित कि.नं. १३१४ को क्षेत्रफल ०-०-७-२ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणीको नामः जय लक्ष्मी सुनचाँदी गरगहना उद्योग** — **कर्जा शिर्षकः** व्यापार कर्जा (आवधिक सुविधा)
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको), दर्ता नं.: ३८/२६५५, दर्ता मितिः २०७५/४/१५, स्थायी लेखा नं.: ६०८११२४७७, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४।
**प्रोप्राईटरः**
**गणेश विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७४१२७ (२०६१/४/३२/नवलपरासी), बाजेको नामः होम बहादुर विश्वकर्मा, बाबुको नामः वल बहादुर विश्वकर्मा, ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ०४।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. लक्ष्मी विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६३०५५/१२७१ (२०६३/११/११/नवलपरासी), बाबुको नामः धन बहादुर विश्वकर्मा, ससुराको नामः वल बहादुर विश्वकर्मा, पतिको नामः गणेश विश्वकर्मा, ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४।
**ख. पदम बहादुर काउचाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४७८३७ (२०५५/०८/०८/नवलपरासी), बाजेको नामः पति प्रसाद काउचा, बाबुको नामः खग बहादुर काउचा, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०६।
**लिलाम हुने धितोको विवरणः**
धन बहादुर विश्वकर्माको छोरी, वल बहादुर विश्वकर्माको बुहारी, गणेश विश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४ बस्ने **लक्ष्मी विश्वकर्मा**को नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, माकर न.पा./गा.वि.स. वडा नं. ४/थ स्थित कि.नं. ७१४ को क्षेत्रफल ०-०-४³/⁴ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**३. ऋणीको नामः सुनिता स्टोर** — **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभागमा दर्ता रहेको), दर्ता नं.: १८७१४(क)/०७०/७१, दर्ता मितिः २०७०/०५/२७, स्थायी लेखा नं.: ६१४६८३०१७, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७।
**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**सुनिता कुमारी वि.क.(राना)ः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७१०२०/१११६० (२०६६/०६/२१/कैलाली), बाबुको नामः जोगी वि.क., ससुराको नामः रम सिं राना, पतिको नामः साधु राम राना, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. साधु राम रानाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १५४३१ (२०५५/१२/२७/कैलाली), बाजेको नामः छिदा राना, बाबुको नामः रम सिं राना, पतिको नामः सुनीता कुमारी बिक (राणा), ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७।
**ख. रमेश रानाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७-०१-७६-०३४६३ (२०७६/०३/२९/कैलाली), बाजेको नामः रम सिं राना, बाबुको नामः साधु राम राना, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७।
**ग. प्रेम रानाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७-०१-७३-०२५५२ (२०७३/०२/२५/कैलाली), बाजेको नामः रम सिं राना, बाबुको नामः साधु राम राना, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७।
**लिलाम हुने धितोको विवरणः**
छिदा रानाको नाति, रम सिं रानाको छोरा, कैलाली जिल्ला, धनगढी न.पा., वडा नं. ७ बस्ने **साधु राम राना**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा., वडा नं. ७ स्थित कि.नं. ५२६ को क्षेत्रफल ६७८.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः कृष फेन्सी एण्ड कस्मेटिक पसल** — **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा तानसेनमा दर्ता रहेको) दर्ता नं.: ३०१५/०७३/७४, दर्ता मितिः २०७३/०८/१४, स्थायी लेखा नं.: ६०५४७१५४६, ठेगानाः पाल्पा जिल्ला, तेल्घा गा.वि.स., वडा नं. ०८ परिवर्तित पाल्पा जिल्ला तानसेन न.पा., वडा नं. १०।
**प्रोपाईटरः**
**शकुन्तला बसेलः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३९-०१-७२-०५८०३ (२०७२/०७/१५/पाल्पा), बाबुको नामः डिल्ली राम आचार्य, ससुराको नामः धर्मगत बसेल, पतिको नामः माधव बसेल, ठेगानाः पाल्पा जिल्ला, तेल्घा गा.वि.स., वडा नं. ०८ परिवर्तित पाल्पा जिल्ला तानसेन न.पा., वडा नं. १०।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. धर्मगत बसेलः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६२०५० (२०५३/१०/२३/पाल्पा), बाजेको नामः लिला वल्लभ बसेल, बाबुको नामः देवीलाल बसेल, ठेगानाः पाल्पा जिल्ला, दोभान गा.वि.स., वडा नं. ०१ परिवर्तित पाल्पा जिल्ला तिनाउ गा.पा., वडा नं. ०३।
**ख. माधव बसेलः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३९१०३२/५७३ (२०६७/१२/२२/पाल्पा), बाजेको नामः देवीलाल बसेल, बाबुको नामः धर्मगत बसेल, ठेगानाः पाल्पा जिल्ला, दोभान गा.वि.स., वडा नं. ०१ परिवर्तित पाल्पा जिल्ला तिनाउ गा.पा., वडा नं. ०३।
**लिलाम हुने धितोको विवरणः**
डिल्ली राम आचार्यको छोरी, धर्मगत बसेलको बुहारी, माधव बसेलको पत्नी, पाल्पा जिल्ला, तेल्घा गा.वि.स., वडा नं. ०८ परिवर्तित पाल्पा जिल्ला तानसेन न.पा., वडा नं. १० बस्ने **शकुन्तला बसेल**को नाममा मालपोत कार्यालय तानसेन, पाल्पाको लगतमा दर्ता श्रेष्ता कायम रहेको तानसेन जिल्ला, बर्तुङ्ग गा.वि.स./न.पा., वडा नं. ५ स्थित कि.नं. ३०८३ को क्षेत्रफल २-०-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**५. ऋणीको नामः न्यु विष्णु कृष्ण सुनचादी गहना पसल** — **कर्जा शिर्षकः** क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भीमदत्तनगर, कञ्चनपुरमा दर्ता रहेको) दर्ता नं.: १६७/३६५३/०७३/०७४, दर्ता मितिः २०७३/०६/१०, स्थायी लेखा नं.: ६०५१५०५५१, ठेगानाः कञ्चनपुर जिल्ला, बेलौरी न.पा., वडा नं. ६।
**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**शिवु सुनारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५३०२०/३८२ (२०६३/१०/१९/कञ्चनपुर), बाजेको नामः चुडामणि सुनार, बाबुको नामः पदम बहादुर सुनार, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा., वडा नं. ४।
**व्यक्तिगत जमानतकर्ताः**
**अन्जु सुनारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५२०२०/१९८३ (२०६९/०६/१५/कञ्चनपुर), बाबुको नामः श्याम ब. वि.क., ससुराको नामः पदम बहादुर सुनार, पतिको नामः शिवु सुनार, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा., वडा नं. ४।
**लिलाम हुने धितोको विवरणः**
**क.** चुडामणि सुनारको नाति, पदम बहादुर सुनारको छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा., वडा नं. ४ बस्ने **शिवु सुनार**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.नं. ९८२, २०५४ र २२१३ को क्षेत्रफल क्रमशः ६६.४०, १४०.९० र ७२.५० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
**ख.** श्याम ब. वि.क. को छोरी, पदम बहादुर सुनारको बुहारी, शिवु सुनारको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा., वडा नं. ४ बस्ने **अन्जु सुनार**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा., वडा नं. २ स्थित कि.नं. २२२८ को क्षेत्रफल ३३८.६३ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
शुक्रवार, २६ पुस २०८१ | Friday, 10 January 2025
आर्थिक अभियान

तीतोमीठो

# विकास गर्ने कामै छैन



मदन लम्साल

अचेल जो पनि विदेशतिरै गइरहेको देखेर, मैले पनि सोचें, 'जाम भने जाम तनि, दुई-चार दिन घुमेरै आम तनि ।' आफू परियो आर्थिक पत्रकार, त्यसैले हेर्न जाने भनेको त विकास नै हो । ५०-६० वर्षमा अद्भूत विकास गरेको दुबई र अबुधाबीतिर घुम्न गइयो, कतै आफ्नै जीवनमा नेपाल पनि त्यस्तै पो बनिहाल्छ कि भनेर । तर त्यहाँ गएपछि थाहा भयो, विकास भनेको त झन्झट पो रहेछ ।

घुमेर के थाहा भयो भने देश विकास गर्नु बेकारको काम हो । विकास गरेपछि त हाम्रै मौलिकता हराउने रहेछ । हाम्रो राजनीतिक चेतना, संघर्षको ऊर्जा, जीवनको रोमाञ्चकता सबै हराउने रहेछ। हामी जनताको मौजमस्ती र नेताहरूको पदको आन, मान, शान सबै हराएर जाने रहेछ ।

मन्त्री, प्रधानमन्त्री, सचिव जे भए पनि दुबईजस्तो ठाउँमा त सर्वसाधारणलाई बालै मतलवै नहुने क्या । त्यहाँ न त लावा-लस्करको गाडी, न बाटो छेक्दै हुइँकने शान । न भाषण ठोक्दै गोष्ठी-सेमिनार धाएर निर्देशन दिन पाइने । न समर्थन र विरोधका नाममा सडक बन्द गरेर जुलुसै निकाल्न पाइने। कानून-सानुन एकातिर थन्क्याएर अरूलाई धम्क्याउँदै हिँड्न पनि नपाइने ।

त्यहाँ सचिव वा मुख्यसचिव भएर पनि न टिप्पणीमाथि टिप्पणी उठाउँदै आदेश दिन पाइने, न टेबुलमुनिबाट आम्दानी गर्न सकिने । न भ्रष्टाचार गर्ने मौका, न आचारलाई अचार बनाएर चपाउने सुविधा । यो सब हरायो भने जिन्दगीमा के रमाइलो बाँकी रहन्छ र हो ?

आफ्नो काम मिलाउन कतिलाई शिष्टाचार, ढोग वा भेट गर्दै हिँड्ने ? त्यसपछि काम बनेपछि त्यो कथा अरूलाई सुनाउन पाउँदाको जुन मज्जा तपाईं हामी आज पाइरहेका छौं, त्यो त विकास भएपछि सबै स्वाहा !

दुबईमा कम्पनी खोल्नुपर्‍यो भने सबै काजपत्र ठीक छन् भने त एक घण्टामै वा बढीमा आधा दिनमै काम तमाम हुने । यस्तो छिटो-छरितो त कस्तो उराठलाग्दो हुँदोरहेछ । हाम्रोजस्तो महीनौं लाइनमा बसेर जुत्ता खियाउँदै, सरकारी कागतपत्र हात पारेपछिको मज्जा उनीहरूलाई के था ? विकास भयो भने त यस्ता थुप्रै मज्जा त हराउने पक्का छ ।

सबैभन्दा डरलाग्दो त के भने विकासले रोजगारी पनि खाइदिने रहेछ । अन्य विकसित देशमाजस्तै दुबईमा पनि के देखियो भने, हाम्रोमा जस्तो सडकमा ट्राफिक प्रहरी छैनन् । म त्यहाँका मन्त्रालय, केन्द्रीय बैंकको मुख्य कार्यालय पनि गएर हेरेँ । कस्तो अचम्म ! ती सरकारी अफिसमा न लस्करका लस्कर सेक्युरिटी गार्ड छन्, न बुट बजारेर सलाम वा नमस्कार हजुरको गजुर छ । विकासका कारण हाम्रा यतिका ट्राफिक प्रहरी र सेक्युरिटी गार्डहरूको रोजगारी हरायो भने के होला ?

विकसित देशको अर्को समस्या के भने, जहाँ पायो त्यहीँ पार्किङ गर्न पाइँदैन । सानातिना नियम उल्लंघन गर्दा टन्न जरीवाना तिर्नुपर्छ । त्यस्ता कुरा यहाँ त चल्दैन नि । त्यहाँको भन्दा तीन गुणा महँगो तिरेर गाडी किन्यो, त्यत्तिकै महँगो पेट्रोल हाल्यो, तर आफूले भन्या ठाउँमा गाडी पार्किङ गर्न पनि नपाइने । जहाँबाट पनि बाटो काट्न नपाइने, सडकमा मानिसले हिँड्न नपाउने पनि हुन्छ ? गाई, साँढे, हाँस कुखुराको समेत अधिकार हनन हुने रहेछ देश विकसित भयो भने त । ठ्यास्स मोटर मोटरसाइकल रोक्यो, सामान किन्यो, हिँड्यो गर्न नपाउने पनि कतै नियम हुन्छ ? यस्तो कडा नियम यहाँ पनि हुने हो भने त हाम्रो स्वतन्त्रता र मौलिकता कसरी बाँकी रहन्छ र ?

**सबैभन्दा डरलाग्दो त के भने विकासले रोजगारी पनि खाइदिने रहेछ । अनि हाम्रै देश विकसित भयो भने नेपालीहरू विदेशमा फेरि के गर्न जाने ? अनि श्रम लगायतका यत्तिका मन्त्री र मन्त्रालयहरूले के गरेर खाने ?**

वास्तवमा खाडी देशहरू त जरीवाना नै जरीवानाबाट पो चल्या रहेछन् । हाम्रोमा जस्तो भ्याट, आयकर, गएकर, करैकर पनि लिँदो रहेनछन् जनताबाट त्यहाँका सरकार हरूले । अनि कर कार्यालयको हाकिम भएको धाक नै लगाउन नपाइने ।

अँ, शायद हाम्रोतिर करैकर लगाउने गरेको देखेर होला अहिले आएर बल्ल त ९ प्रतिशत कर्पोरेट ट्याक्स लिन शुरूचैं गरेछन् । उनीहरूमा पनि कर कार्यालयको हाकिम हुने मस्ती धेरै जनालाई दिऊँ भन्ने धारणा जाग्न थालेको होला शायद ।

अर्को कुरा, विकास भएपछिको मुख्य खतरा नै प्रदूषण कम हुँदै जानु पनि रहेछ । एक हप्तासम्म एउटै सर्ट लगाए पनि फोहोर नहुने, गन्ध नआउने । विकास भयो भने त हाम्रा परम्परागत वातावरणीय गन्ध जस्तै खुला ढलको सुगन्ध, बाटोको धूलोको चस्स र हरेक चोकमा थुप्रिएका फोहोरको नजारा समाप्त हुन सक्छ । यो त हाम्रो संस्कृतिको हिस्सा नै हो, यसलाई जोगाउनु पो पर्छ त । त्यही हेर्न त पर्यटकहरू नेपाल आउने गरेका हुन् नि, हैन र ? वास्तवमा हाम्रो अव्यवस्था भनेकै पर्यटक आकर्षणका लागि सुव्यवस्था हुन् । धूलो उडेको काठमाडौं, भत्किएको पोखरा र ट्राफिक जामले दिएको 'साहसिक यात्रा' हरायो भने पर्यटक किन आउँछन् र नेपाल ? अरब देशतिरै गैहाल्छन् नि ।

देश विकास भयो भने नेताहरूलाई पनि 'हामीले यो बनायौं, त्यो बनायौं' फलानो देश जस्तो बनाउँछौं भन्ने भाषण गर्नै पाउँदैनन् । त्यसपछि नेपाली मिडियाले के लेख्ने ? अभाव, महँगी र अव्यवस्थाबाट उत्पन्न हुने मनोरञ्जन समाप्त भयो भने जीवन त फिक्का फिक्का हुन्छ नि, हामी पत्रकारको समेत । विकासले त नयाँ नेता, नयाँ दलहरू उदाउने मौकै नआउने, राजनीतिमा रोमान्स नै नहुने र पत्रकारिताको स्कोप नै हराउने खतरा रहेछ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा त हाम्रै देश विकसित भयो भने नेपालीहरू विदेशमा फेरि के गर्न जाने ? अनि श्रम लगायतका यत्तिका मन्त्री र मन्त्रालयहरूले के गरेर खाने ?

दुबई र अबुधाबीतिर पनि घुमिसकेपछि पो बल्ल्ल मेरो दिमागको बत्ती बल्न थालेको छ कि देशको विकास गर्नै हुन्न रेछ । किनकि नेपाल एउटा राजनीतिप्रधान देश हो नि । यहाँ त राजनीतिक भावना प्रधान छ । हाम्रो देश त विकासप्रधान देश होइन । जुन देशमा जे प्रधान हुन्छ, त्यसैलाई प्रधान वा मुख्य बनाउनुपर्छ नि । त्यसैले म त भन्छु नेपाल जस्तो अहिले छ, त्यस्तै अवस्थामै राखिछाडौं ।

विकास नगर्ने प्रतिबद्धतासहित, जय नेपाल, लाल सलाम, जय मधेश, जय पहाड, जय हिमाल, राजा आऊ देश बचाऊ !

अरूके के चाहिन्छ, तपाईंहरू आफै थप्दै जानु होला है !



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको बौद्धमा पर्यटकीय सामान खरीद गर्दै एक आन्तरिक पर्यटक ।

रोटरी क्लब अफ त्रिपुरेश्वरको २२औं वर्ष पूरा

# बालबालिका शिक्षा र महिला स्वास्थ्यमा प्राथमिकता दिने घोषणा

काठमाडौं (अस) । रोटरी क्लब अफ त्रिपुरेश्वरले स्थापनाको २२औं वर्ष पूरा गरेको छ । सोही अवसरमा क्लबले आफ्ना पूर्वअध्यक्षहरू तथा विशिष्ट व्यक्तिहरूलाई सम्मान गरेको छ । कार्यक्रमका प्रमुख अतिथि रहेका रोटरी क्लबका डिस्ट्रिक्ट गभर्नर राजेन्द्रमान शेरचनले संस्थामा रहेर योगदान पुर्‍याएका व्यक्तिहरूलाई सम्मान गरे ।

उनले क्लबको स्थापना दिवसमा सहभागी हुने मौका पाएकोमा खुशी व्यक्त गरे । रोटरी क्लब अफ त्रिपुरेश्वर सामाजिक कार्यमा अब्बल देखिएको भन्दै उनले आवश्यक परे क्लबलाई अन्य सहयोग गर्ने प्रतिबद्धता जनाए ।

रोटरी क्लब अफ त्रिपुरेश्वरकी अध्यक्ष लता बराल शर्माले दूरदराजका बालबालिकाको शिक्षा र युवतीहरूको स्वास्थ्यका क्षेत्रमा काम गर्न केन्द्रित हुने बताइन् । विद्यालय छाड्ने विद्यार्थीलाई पुनः विद्यालय फर्काउने र महिलामा देखिएको पाठेघर क्यान्सरका क्षेत्रमा आफूले काम गरिरहेको जानकारी उनले दिइन् ।



**बालबालिकाको शिक्षा र युवतीहरूको स्वास्थ्यका क्षेत्रमा काम गर्न केन्द्रित छौं । विद्यालय छोड्ने विद्यार्थीलाई पुनः फर्काउने र महिलामा देखिएको पाठेघर क्यान्सरका क्षेत्रमा काम गरिरहेका छौं ।**

लता बराल शर्मा
अध्यक्ष, रोटरी क्लब अफ त्रिपुरेश्वर



**यो वर्ष क्लबले ५ हजार महिलाको क्यान्सर स्किनिङ गर्ने लक्ष्य लिएको छ । रोटरी क्लब अफ त्रिपुरेश्वरले गरेको यससम्बन्धी कामको लक्ष्य पूरा गर्न यसले सहयोग पुग्नेछ ।**

राजेन्द्रमान शेरचन
डिस्ट्रिक्ट गभर्नर, रोटरी क्लब

डिस्ट्रिक्ट गभर्नर शेरचनले खोप आयात गर्न सरकारले पनि पहल थाकिसकेकाले त्यसमा क्लबले सक्ने पहल गर्ने बताए । यो वर्ष क्लबले ५ हजार महिलाको क्यान्सर स्किनिङ गर्ने लक्ष्य लिएको उनले जानकारी दिए । यसबारे रोटरी क्लब अफ त्रिपुरेश्वरले गरेको कामले लक्ष्य पूरा गर्न थप सहयोगी हुने उनले बताए । उनले रोटरी क्लबले काम गर्ने क्षेत्रहरूमा काम गर्न सदस्यहरूलाई आग्रह गरे ।

बुधवार बसेको रोटरी क्लब अफ त्रिपुरेश्वरको १ हजार २औं बैठकमा सेक्रेटरी विमला मानन्धरले संस्थाले गरिरहेका गतिविधि, कार्यप्रगति तथा कार्ययोजनाका बारेमा प्रस्तुति दिएकी थिइन् । संस्थाले नुवाकोट, सिन्धुपाल्चोक लगायत जिल्लामा शिक्षा, स्वास्थ्य र वातावरणका क्षेत्रमा काम गर्दै आएको छ । क्लबमा हाल ६८ जना सदस्य छन् ।

कार्यक्रममा पूर्वअध्यक्ष राजेन्द्र शाक्यले लेखेको 'रोटरी एक प्रेरणा' पुस्तक विमोचनसमेत गरिएको थियो । रोटरी क्लबका डिस्ट्रिक्ट गभर्नर शेरचन, चर्चित हास्यकलाकार हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ लगायतले उक्त पुस्तक सार्वजनिक गरेका थिए ।

पुस्तकमा रोटरीसँग सम्बन्धित शाक्यले लेखेका प्रकाशित तथा अप्रकाशित गरी २५ ओटा लेख रचनाहरू समावेश छन् । ५०० रुपैयाँ मूल्य राखिएको पुस्तकको विक्रीबाट भएको आम्दानी बालबालिकाको शिक्षामा खर्च गरिने क्लबकी अध्यक्ष शर्माले जानकारी दिइन् ।

शिथिल अर्थतन्त्रको सकसमा निजीक्षेत्र

# सुधारका लागि अर्थमन्त्रीसँग गुहार

**ओमप्रकाश खनाल**
वीरगञ्ज

अर्थतन्त्र शिथिल बनिरहेको भन्दै निजीक्षेत्रले सरकारलाई सुधारका उपाय सुझाएको छ । वीरगञ्ज उद्योग वाणिज्य संघका पदाधिकारीले संघीय राजधानी काठमाडौंमै पुगेर अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई अर्थतन्त्र उकास्ने उपायबारे आग्रह गरेका छन् । संघका अध्यक्ष अनिल अग्रवालले भन्सारबाट हुने राजस्व संकलनमा अनौपचारिक व्यापार र अव्यवस्थित प्रक्रियाले अवरोध पुर्‍याइरहेको भन्दै अत्यधिक भन्सार महसुल लाग्ने वस्तुको भारतीय र नेपाली बजार मूल्यमा धेरै फरक देखिनुले यस्ता वस्तु अवैध रूपमा पैठारी हुने गरेको दाबी गरेका छन् ।

'तत्कालका लागि एक सयजति दैनिक उपभोग्य वस्तुको पहिचान गरी भारतीय मूल्य र नेपाली बजार मूल्यमा एकरूपता दिन सकियो भने यसले अवैध निकासी पैठारी निर्मूल हुने र अनौपचारिक अर्थतन्त्रलाई पूर्ण रूपमा नियन्त्रण हुन सक्दछ,' उनले अर्थमन्त्रीलाई बुझाएको सुझावपत्रमा उल्लेख गरिएको छ ।

यसलाई सहज बनाउन मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागू गर्नुपर्ने निजीक्षेत्रले बताएको छ । हाल सबै प्रकारको वस्तुमा एकै प्रकारको कर दर हुनु सामाजिक न्याय सिद्धान्त विपरीत भएको भन्दै बहुदर प्रणाली लागू गरी अत्यावश्यक उपभोग्य वस्तुमा कम दरको कर लागू गर्दा स्वदेशी बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य कम गर्न सकिने तर्क संघका उपाध्यक्ष माधव राजपालको छ ।

करदाताले मूल्य अभिवृद्धि करबापत फिर्ता पाउनुपर्ने रकमलाई अग्रिम आयकर, अन्तःशुल्क तथा अन्य करसँग मिलान गर्ने सुविधा हुनुपर्ने पनि बताएका छन्। आयातित मालवस्तुको भन्सार मूल्यांकनको क्रममा प्रतिष्ठित कम्पनीको बिल बिजकमा अंकित मूल्य, भारत सरकारको आधिकारिक जीएसटी बील, भारतीय कस्टमले जारी गरेको बील अफ एक्सपोर्टलाई आधार बनाई भन्सार मूल्याकन गर्न आग्रह गरेका छन् ।

चालू आर्थिक वर्षको ६ महीना अझै बाँकी रहेकाले सरकारले अर्धवार्षिक समीक्षामार्फत पुनरवलोकन गर्दा आगामी ६ महीनामै अर्थतन्त्रमा सकारात्मक प्रभाव देखिन सक्ने उपाध्यक्ष राजपालको छ । सुनको आयातमा भन्सार दर घटाउँदा यसको व्यापार र भारतीय मुद्राको आपूर्तिमा सहजता आएको भन्दै सरकारले दैनिक उपभोगका वस्तुको आयातमा नीतिगत सुधार गर्दा त्यसको चक्रीय प्रभाव अर्थतन्त्रमा देखिने उनले बताए ।

आयातकर्ताले सन्दर्भ मूल्य पुस्तिकाभन्दा कम मूल्यको बीलबिजक पेश गरेमा भन्सारले पेनल्टी लिने गरेकोमा २०८०/०८१ को बजेटमा अन्तःशुल्कमा समेत पेनल्टी लिने प्रावधान रहेकोले पेनाल्टी जोगाउनै आयातकर्ताले सन्दर्भ पुस्तिकाभन्दा बढी मूल्यको बील बिजक पेश गर्ने गरेको उद्यमीले बताएका छन् । यस्तोमा बीलबिजकको वास्तविक मूल्यभन्दा बढी पठाइएको रकम अवैध हुण्डीको माध्यमबाट नेपाल फर्किने र यसले जोखिम बढाएको बताए ।

भन्सार मूल्यांकन तथा अन्तःशुल्कमा लगाएको १०० प्रतिशत पेनाल्टीले गर्दा अवैध कारोबारलाई प्रोत्साहित गरेकोले पेनाल्टी लिने परिपाटीलाई पूर्ण रूपमा खारेज गरिनुपर्ने माग उनीहरूको छ ।

'आयातित वस्तुको भन्सार मूल्यांकन विश्वस्तरमा घट्दै गएको पाइन्छ । तर नेपालमा समान्यतया बढ्दै गएको देखिन्छ । अन्तरराष्ट्रिय रूपमा एकै प्रकारको एचएस कोड प्रयोग होस् भन्ने प्रयास हुँदाहुँदै केही वस्तुमा फरक-फरक कोड प्रयोग हुँदा समस्या आउने गरेको छ,' अर्थमन्त्रीलाई बुझाइएको सुझावमा उल्लेख छ ।

**भन्सार महसुलमा कुनै अन्योल भई धरौटी स्वरूप जम्मा गरिएको रकम सम्बन्धित व्यवसायीलाई जानकारी नै नगराई सदरस्याहा गर्ने अभ्यासमा सुधार हुनुपर्ने बताएका छन् ।**

भन्सार महसुलको अन्योल हटाउने प्रक्रिया जटिल रहेकाले यस प्रकियालाई समयसापेक्ष परिमार्जन गर्न माग गरिएको छ । भन्सार महसुलमा कुनै अन्योल भई धरौटी स्वरूप जम्मा गरिएको रकम सम्बन्धित व्यवसायीलाई जानकारी नै नगराई सदरस्याहा गर्ने अभ्यासमा सुधार हुनुपर्ने बताएका छन् ।

दाल उद्योगहरूलाई आर्थिक वर्ष २०७३/७४ को आर्थिक ऐनबाट कच्चा पदार्थ मसुरो, मुंग, मास र रहरको दाना आयातमा प्रदान गरिएको ५० प्रतिशत भन्सार महसुलमा छूट दिने नीति रहेकोमा अहिले तयारी दाल र दालको गेडाको भन्सार दरबन्दी एकैनासको हुँदा दाल उत्पादन गर्ने उद्योग मर्कामा परेको संघको भनाइ छ । औद्योगिक कच्चा पदार्थको रूपमा पैठारी हुने दालको गेडागुडी र तयारी दालको भन्सार महसुलमा दुई तहको फरक हुनुपर्ने उद्यमीको माग छ । देशको औद्योगिक विकासका लागि मेशिनहरूको आयात आवश्यक भएकोमा नेपालमा आयात भएका मिल मेशिनरीका लागि आवश्यक पार्टपुर्जा विदेशबाट आयात गर्दा बढी खर्च लाग्ने गरेको उद्यमीले बताएका छन् ।

यस्तोमा ती पार्टपुर्जा भारतीय बजारमा पनि सहजै पाउने गरेकाले विदेशी मिलमेशिनरीका पार्टपुर्जालाई भारतबाट आयात गर्न दिइनुपर्ने उद्यमीले बताए ।

जीवनशैलीमा भएको परिवर्तनको सन्दर्भमा व्यक्तिगत र पारिवारिक आयको छूट सीमालाई वृद्धि गरी क्रमशः एकल व्यक्तिको ८ लाख तथा दम्पप्तीको हकमा १० लाख सम्मको आयमा आयकर छूट गरिनुपर्ने माग पनि संघले गरेको छ । ५ करोड रुपैयाँसम्मको वार्षिक कारोबार गर्ने उद्योगी व्यवसायीका हकमा वार्षिक रूपमा करबापत तिर्ने रकम एक मुष्ट तोकिनुपर्ने बताएका छन् । त्यस्ता कारोबारमा मिसम्याचको प्रावधान र अन्य प्रक्रियागत विषयबाट अलग राख्नुपर्ने माग पनि व्यवसायीको छ ।

भ्याट लागू हुँदा मुलुकमा अन्तःशुल्कसहित अन्य कर हटाउँदै लैजाने प्रतिबद्धता सरकारबाट आएकोमासो प्रतिबद्धताविपरीत धेरै सामानमा अन्तःशुल्क लगाइएको र पैठारी हुने वस्तुमा समेत अन्तःशुल्क लिने गरेकोमा निजीक्षेत्रले आपत्ति जनाएको छ ।

# कर्जा असुली र लिलामी कानूनअनुसार नै गरिएको छ : कृषि विकास बैंक

काठमाडौं (अस) । लहानस्थित आफ्नो शाखा कार्यालयमा कर्जा असुली र लिलामी सम्बन्धमा विभिन्न सामाजिक सञ्जाल र सञ्चार माध्यममा कपोलकल्पित तथा भ्रमपूर्ण समाचार प्रसारित भएको कृषि विकास बैंकले बताएको छ । बैंकको नियमित सेवा सञ्चालनमा बाधा पुर्‍याउने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

कर्जा असुलीको प्रचलित कानूनी प्रक्रिया पूरा गरी गरिएको लिलामी कार्यप्रति असन्तुष्टि जनाउँदै केही व्यक्तिले बैंकको शाखा परिसरमा तालाबन्दी, नाराबाजी, ढुंगामुढा, गालीगलौज, तोडफोड र हुलहुज्जत गर्दै बैंकको सेवा अवरुद्ध गराउने काम गरेको बैंकले बताएको छ ।

'लहान शाखाका कर्जा ग्राहक रामचन्द्र यादवले २०७७ फागुन १५ मा सरल कृषि कर्जा र व्यक्तिगत ओभरड्राफ्ट शीर्षकअन्तर्गत लिएको कर्जाको साँवा र ब्याज तोकिएको समयमा भुक्तानी नगरेपछि बैंकले प्रचलित कर्जा असुली कार्यविधि अनुसार मौखिक र लिखित ताकेता गरेको थियो,' विज्ञप्तिमा भनिएका छ, 'तर २०७९ वैशाख २० मा सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदा पनि कर्जा भुक्तानी नगरेकाले २०७९ माघ २३, २०८० जेठ १७ र २०८० मङ्सिर ४ गते लिलामीका सूचना सार्वजनिक गरियो । पुनः चौथो पटक २०८१ असोज ८ मा लिलामी सूचना प्रकाशन गरी प्रक्रियागत रूपमा सम्पूर्ण आवश्यक काम पूरा गरी धितो लिलामी गरिएको हो ।'

तर लिलामी प्रक्रियामा असहमति जनाउँदै ऋणी र अन्य व्यक्तिहरूको समूहले २०८१ पुस ११ र माघ २३ गते बैंक परिसरमा तालाबन्दी, तोडफोड, ढुंगामुढा, नाराबाजी र गालीगलौज गरी बैंकको सेवा अवरुद्ध गराएको बैंकले बताएको छ । यस घटनाले ग्राहक, सरोकारवाला र सर्वसाधारणमा भ्रम सृजना गरेको र बैंकको सेवा प्रवाहमा गम्भीर असर परेको बैंकले उल्लेख गरेको छ । बैंकले गैरकानूनी गतिविधि र अराजक क्रियाकलापप्रति भर्त्सना गर्दै कानूनी उपचार खोज्न सबैलाई आग्रह गरेको छ ।

कानूनी प्रक्रियाबाट असहमति समाधान गर्न सकिने स्पष्ट गर्दै यसरी संवेदनशील संस्था र अत्यावश्यक सेवा अवरुद्ध गर्नु अनुचित रहेको बैंकले बताएको छ । साथै सम्बन्धित सबैलाई सेवा सञ्चालनमा सहजीकरणका लागि अनुरोध समेत गरेको छ ।

तथ्यांकोवाच

**चालू आर्थिक वर्षको मङ्सिर महीनासम्ममा व्यापार नाफा भएका मुलुकहरू (रू हजारमा)**

| मुलुक | आयात मूल्य | निर्यात मूल्य | नाफा |
|---|---|---|---|
| अफगानिस्तान | १२,३९४ | ४०८,१५२ | ३९५,७५८ |
| डेनमार्क | १०१,३५७ | २९०,८८० | १८९,५२३ |
| अस्ट्रिया | १२०,०१८ | १९८,०३२ | ७८,०१४ |
| लाटभिया | १०,४५४ | २७,८९१ | १७,४३७ |
| माल्दिभ्स | ४ | १४,५८० | १४,५७६ |
| क्रोएशिया | २,१९५ | १५,५३६ | १३,३४० |
| न्यु क्यालेडोनिया | ५ | ९,८७३ | ९,८६८ |
| रसिया | ९५,५२८ | १०४,७२९ | ९,२०१ |
| आइसल्यान्ड | ५४ | ८,४१३ | ८,३५९ |
| मौरिसस | १,८३५ | ९,०६५ | ७,२३० |
| युगान्डा | १८,९३८ | २४,९०५ | ५,९६८ |
| इरान | ९४५ | ५,४१७ | ४,४७१ |
| माल्टा | ९१८ | ४,६६६ | ३,७४८ |
| सर्बिया | २१४ | २,९२८ | २,७१४ |
| जाम्बिया | ५६ | २,५९९ | २,५४३ |
| उज्वेकिस्तान | १,५५२ | ४,००३ | २,४५१ |
| जर्जिया | ७२३ | ३,१३२ | २,४०९ |
| बोस्निया एन्ड हजगोविना | ६२१ | २,३७८ | १,७५८ |
| अरुबा | ० | १,६०४ | १,६०४ |
| उरुग्वे | ० | १,५८५ | १,५८५ |
| लेबनान | ३९६ | १,६६३ | १,२६७ |
| केमन आइल्यान्ड | ० | ८९५ | ८९५ |
| बहामास | ४ | ६१५ | ६११ |
| चाड | ० | ४१२ | ४१२ |
| माली | ० | ३८८ | ३८८ |
| सुडान | ० | ३८५ | ३८५ |
| पनामा | ० | २०१ | २०१ |
| सेन्ट्रल अफ्रिकन रिपब्लिक | ० | १५१ | १५१ |
| पपुआ न्यूगिनिया | ० | १२२ | १२२ |
| लिबियन अरब जमहिरिया | ० | १०९ | १०९ |

स्रोत : भन्सार विभाग

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर